मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २७ ★ अङ्क : ३०३ ★ ने. सं. ११४६ थिंला थ्व, प्रतिपदा ★ शुक्रबार ★ ५ मङ्सिर, २०८२ ★ November 21, 2025, Friday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८


## "भनपाले नपाका गतिविधिहरू पारदर्शी ढङ्गले सार्वजनिक गर्दै आएको छ"




भक्तपुर, ४ मङ्सिर । भक्तपुर नगरपालिका वडा नं. ९ को आयोजनामा नगरपालिकाको सेवाप्रवाह र समसामयिक विषयमा आयोजित जानकारी सभा भक्तपुरको सूर्यमढी टोलमा बिहीबार सम्पन्न भयो ।

सभामा नगर प्रमुख सुनिल प्रजापतिले नगरको शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतका गतिविधिहरूको जानकारी जनसभामार्फत दिने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको उल्लेख गर्दै नगरको सन्तुलित विकासमा जनताको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो ।

भक्तपुर नपाले नपाका गतिविधिहरू पारदर्शी ढङ्गले सार्वजनिक गर्दै आएको स्पष्ट पार्दै उहाँले जनताको एक मनको एकताले भक्तपुरलाई आदर्श नगरको रूपमा विकास गर्न सहज भएको बताउनुभयो ।

भक्तपुरलाई संसारकै उत्कृष्ट नगरको रूपमा विकास गर्ने प्रयत्न गरिरहेको औँल्याउँदै उहाँले विदेशी सहयोगबिना नै भक्तपुरले आत्मनिर्भर ढङ्गले यहाँको विकास गरिरहेको बताउनुभयो ।

राजनीति पक्षपात, गुण्डागर्दी र ध्वंसात्मक गतिविधि गर्ने नभई जनताको इमानदारीपूर्वक सेवा गर्ने क्षेत्र भएको बताउँदै उहाँले जनताको साथ र सहयोगले भक्तपुरलाई उदाहरणीय नगरको रूपमा स्थापित गर्न सफल भएको स्पष्ट पार्नुभयो ।

देको मिवा इतापाके आयोजनालाई छिटोभन्दा छिटो सम्पन्न गर्ने ढङ्गले आयोजनाले काम गर्दै आएको बताउँदै उहाँले आयोजनाविरोधी गतिविधि गर्नेहरूबाट जनता सचेत हुनुपर्ने र जनप्रतिनिधिको अपमान गर्नु भनेको जनताको पनि अपमान गर्नु हो भन्नुभयो ।

भक्तपुर नगरपालिकालाई ख्वप विश्वविद्यालय सम्बन्धन दिने विषयमा पनि राजनीतिक चलखेल भइरहेको स्पष्ट पार्दै उहाँले भक्तपुर नगरपालिकाबाट सञ्चालित शैक्षिक संस्था र ख्वप अस्पताल स्थानीय तहबाट सञ्चालित उत्कृष्ट संस्थाहरू भएको बताउनुभयो ।

अन्तरिम सरकारले चुनावलाई शान्तिपूर्ण र मर्यादित ढङ्गले सम्पन्न गर्न सके मात्र देश स्थिर रहने बताउँदै उहाँले देशलाई दीर्घकालीन असर पुग्ने काम अन्तरिम सरकारले गर्न नहुने स्पष्ट पार्नुभयो ।

नेमकिपाले किसानहरूको मोहियानी हक सुनिश्चित गरेको स्मरण गर्दै उहाँले किसानको हक हितको निम्ति नपाले निरन्तर आवाज उठाउँदै आएको र किसानहरूलाई राजनैतिक रूपले सङ्गठित पार्ने काम गर्दै आएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नगरपालिकाले नगरको भौतिक विकाससँगै जनताको राजनैतिक र सांस्कृतिक स्तर उकास्ने काम गर्दै आएको बताउँदै नगरको सुरक्षालाई ध्यानमा राखी ठाउँ ठाउँमा सीसी क्यामेरा जडानमा जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नपाले सञ्चालन गरेको आवास योजनाले नगरलाई सुन्दर र व्यवस्थित बनाएको बताउँदै उहाँले देको मिवा इतापाके आवास योजना तुलनात्मक हिसाबले अन्य आयोजनाभन्दा व्यवस्थित रहेको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर नगर समितिका प्रतिनिधि गङ्गाराम ज्याख्व, नेमकिपा ९ का पार्टी इन्चार्ज कृष्णभक्त लवजूले नेमकिपाले जनताको हितमा गरिरहेको कामबारे अवगत गराउनुभयो ।

भनपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले नगरपालिकाले जनताको सल्लाह र सुझावअनुसार नगरका गतिविधि अगाडि बढाउँदै आएको स्पष्ट पार्दै लिबाली आवास क्षेत्रमा खानेपानी समस्या समाधानको लागि वडाले विशेष पहल गर्दै आएको बताउनुभयो ।

त्यस्तै ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर मजेशप्रताप मल्लले कलेज र अस्पतालको सेवा प्रवाहबारे अवगत गराउनुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य छोरीमैँया सुजखू र स्थानीय रवीन्द्रप्रसाद कुसीले पनि बोल्नुभएको थियो ।


### जनता म्वा:सा भाषा म्वाई

पीङाकगु नेपालभाषा साहित्य त:मुंज्या व सांस्कृतिक ब्वज्याया ग्वसालय् जुइगु सम्हेबजी, सिरपा लल्हाय्गु ज्याभ्व व मतिनाया चिं लल्हाय्गु ज्याभ्व:सं भायो दियता इनाप याङ च्वङा ।

ज्याभ्व:
थाय् : आदर्श आजाद मा.वि./कलेज
ई : सुथाय्सिया ११:०० ता इलय्
न्हि ल्या : २०८२ मङ्सिर ६ गते, शनिबार
ल्हापं : ३००।- (स्वस तका जक)

(*खाँ ब्याका : पीङाकगु नेपालभाषा साहित्य त:मुंज्या व सांस्कृतिक ब्वज्या सं* पिब्वगु सांस्कृतिक विधाखय् त: लागु विधा व न्हूँ दँ ११४६ या लसताय् भ:गु बाजा खल:/दाफा भजन/ब्वनेकुथियाय् पिंता मतिनाया चिं लल्हाय्गु खाँनँ ब्याक च्वङा ।

ग्वसाखल:
**पीङाकगु नेपालभाषा साहित्य त:मुंज्या**
न:पुखु-२, भक्तपुर


## बङ्गलादेशमा कामचलाउ सरकार प्रणाली पुन:स्थापित

ढाका, ४ मङ्सिर (एपी) । बङ्गलादेशको सर्वोच्च अदालतले राष्ट्रिय निर्वाचनमा निष्पक्षता र पारदर्शिता सुनिश्चित गर्ने उद्देश्यले कामचलाउ सरकार प्रणाली पुन:स्थापित गर्ने महत्त्वपूर्ण निर्णय सुनाएको छ । तथापि, अदालतले यो व्यवस्था आगामी वर्षको सुरूमा हुन लागेको निर्वाचनमा भने लागू नहुने स्पष्ट गरेको छ ।

कामचलाउ प्रणाली सन् १९९६ मा प्रारम्भ भएको हो र बङ्गलादेशी नागरिक तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले १७ करोड जनसङ्ख्या भएको यस देशको संसदीय लोकतन्त्रमा निष्पक्ष निर्वाचनतर्फको सशक्त कदमका रूपमा यसलाई हृदयदेखि स्वीकार गरेका थिए ।

त्यसपछिका दुई निर्वाचनमा सेवानिवृत्त दुई मुख्य न्यायाधीशको नेतृत्वमा बनेका कामचलाउ सरकारले ९० दिनभित्र चुनाव सम्पन्न गराई विजयी दललाई सत्ता हस्तान्तरण गरेको थियो । सन् २००८ को निर्वाचन समेत केन्द्रीय बैङ्कका पूर्वगभर्नरको नेतृत्वमा निष्पक्ष रूपमा सम्पन्न भएको थियो ।

तर राजनीतिक असहमतिका कारण सन् २०११ मा तत्कालीन प्रधानमन्त्री शेख हसिनाको कार्यकालमा अदालतको सुझावमा यही प्रणाली खारेज गरियो । विपक्षीहरूले भने उहाँले भविष्यका चुनावमा प्रभाव पार्ने उद्देश्यले यस्तो कदम चाल्नुभएको आरोप लगाएका थिए ।

त्यसभन्दा पछिका सन् २०१४, सन् २०१८ र सन् २०२४ का चुनावहरू हसिनाको प्रशासनको निगरानीमा सम्पन्न भए, जसले उहाँलाई निरन्तर सत्तामा राख्यो तर ती चुनावहरूलाई विश्वसनीय मानिएन । मुख्य प्रतिद्वन्द्वी खालिदा जियाको नेतृत्वमा रहेको बङ्गलादेश राष्ट्रवादी पार्टी (बीएनपी) ले कामचलाउ सरकार नभएको भन्दै सन् २०१४ र सन् २०२४ को निर्वाचनसमेत बहिष्कार गरेको थियो, तर हसिनाले उनीहरूको मागलाई स्वीकार गर्नुभएको थिएन ।


*बाँकी पृष्ठ ८ मा*



### हार्दिक बधाई



श्री चन्द्रकृष्ण ग्वाछा



श्री सुरेश माकजु

मिति २०८२/०८/०१ गते काठमाडौं उपत्यका ईट्टा बिक्री डिपो संघको २८ औं वार्षिक साधारणसभा तथा ८ औं अधिवेशनबाट यस भक्तपुर ट्रक व्यवसायी संघका सह-सचिव **श्री चन्द्रकृष्ण ग्वाछा**ज्यू अध्यक्ष पदमा तथा क्षेत्रीय प्रतिनिधि **श्री सुरेश माकजु**ज्यू कार्यसमिति सदस्य पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा उहाँहरुलगायत सम्पूर्ण निर्वाचित पदाधिकारीहरूको पूर्ण कार्यकालको सफलताको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछु ।

**अध्यक्ष**
**लक्ष्मीप्रसाद गोरा**
**भक्तपुर ट्रक व्यवसायी संघ**
लिबाली, भक्तपुर-८

# नगर प्रमुख प्रजापतिद्वारा सीपमूलक तालिमहरूको निरीक्षण



भक्तपुर, ४ मङ्सिर। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बिहीबार नगरपालिकाद्वारा सञ्चालित पाक शिक्षा तालिम र सिलाइ तालिमको स्थलगत निरीक्षण गर्नुभयो।

निरीक्षणका क्रममा उहाँले हातमा सीप भएको व्यक्तिले कहिल्यै भोकै बस्न नपर्ने बताउँदै नगरवासीहरूलाई विभिन्न सीपमूलक तालिम दिएर आर्थिकरूपले सशक्त बनाई आत्मनिर्भर बन्न प्रेरित गर्ने उद्देश्यले तालिम सञ्चालन गरेको बताउनुभयो।

सीप सिकेर उद्यम गर्छु भन्नेका लागि नगरपालिकाले सहुलियत दरमा ऋण प्रदान गर्दै आएको बताउँदै उहाँले नेपालमै केही गर्न चाहने र विदेश जान चाहनेका लागि समेत सहज र सरल हुने बताउनुभयो। उहाँले आधारभूत तालिमपछि एड्भान्स तालिम पनि सञ्चालन गर्ने नगरपालिकाको योजना रहेको बताउनुभयो।

# भक्तपुर नगरपालिका क्षेत्रमा सञ्चालित नापतौल डोर कार्यक्रममा ४४१ लाभान्वित, सूर्यविनायक नगरपालिकामा आइतबारदेखि सेवा

भक्तपुर, ४ मङ्सिर। भक्तपुर नगरपालिका र भक्तपुर उद्योग वाणिज्य सङ्घको सहकार्यमा भक्तपुर नगरपालिका क्षेत्रमा सञ्चालन गरिएको नापतौल कार्यक्रमबाट ४४१ जना व्यवसायीहरूले सेवा प्राप्त गरेका छन्।



जिल्लाका उद्योगी, व्यवसायी तथा व्यापारीहरूले प्रयोग गर्दै आएको नापतौलका सामग्रीहरूको नयाँ दर्ता तथा नवीकरणका लागि गुणस्तर तथा नापतौल कार्यालय, त्रिपुरेश्वरबाट खटिएको कर्मचारीहरूको टोलीले जिल्लास्थित भक्तपुर नगरपालिकाका ४ स्थानमा कार्यालय राखेर गत सोमबारदेखि नापतौल डोर कार्यक्रम सञ्चालन गरेको हो। वडा नं. ४ स्थित टुरिजम मार्केट परिसरमा कार्यालय राखेर पहिलो दिन सञ्चालन गरिएको डोर कार्यक्रममा ९६ जना व्यापारी तथा व्यवसायीहरूले आआफ्ना नापतौलका सामग्रीहरू दर्ता तथा नवीकरण गरेको सङ्घका कोषाध्यक्ष एवं सङ्घअन्तर्गत बजार अनुगमन उपसमितिका संयोजक विश्वराम दुवालले बताउनुभयो।

उहाँका अनुसार मङ्गलबार वडा नं. १० स्थित कमलविनायक बिगमार्ट परिसरमा कार्यालय राखेर सञ्चालन गरिएको नापतौल डोर कार्यक्रममा १५७ जना, बुधबार वडा नं. ३ स्थित खौमाबाट ८० जना र बिहीबार वडा नं. ७ स्थित इनाचोबाट १०८ जना व्यवसायी तथा व्यापारीले सेवा लिएका थिए।

मध्यपुर थिमी नगरपालिकासँग सहकार्य गरी कार्तिक २७ गते मध्यपुर थिमी नपा वडा नं. ३ कार्यालय परिसर, कार्तिक २८ गते नयाँठिमीस्थित यचु पार्टी प्यालेस र कार्तिक ३० गते मिलरोडस्थित ग्ल्याडस्टोन एकेडेमी परिसरबाट गरी २३४ जना व्यापारी, व्यवसायीहरूले आफूले प्रयोग गर्दै आएका नापतौलका सामग्रीहरूको नयाँ दर्ता तथा नवीकरण गराएका थिए।

सङ्घकी अध्यक्ष रोशनीमैयाँ धौबन्जाले डोर कार्यक्रमबाट स्थानीय व्यापारी, व्यवसायीहरू आफ्नै घरआँगनमा नापतौलका सामग्रीहरूको दर्ता तथा नवीकरण गराई लाभान्वित भएको बताउनुभयो। उहाँले गुणस्तर तथा नापतौल कार्यालय, त्रिपुरेश्वरबाट जिल्लामै डोर टोली खटाउँदा उद्योगी, व्यवसायी तथा व्यापारीहरू काठमाडौँ पुगेर नापतौलका सामग्री दर्ता तथा नवीकरण गराउनुपर्ने झन्झटबाट मुक्त भएको भन्दै आगामी वर्षहरूमा पनि जिल्लामै नापतौलका सामग्रीहरूको नयाँ दर्ता तथा नवीकरणका लागि डोर कार्यक्रम सञ्चालन गर्न सङ्घले पहल गर्ने बताउनुभयो।

यसैबीच, सूर्यविनायक नगरपालिका र सङ्घको सहकार्यमा आगामी आइतबार र सोमबार सूर्यविनायक नगरपालिका क्षेत्रमा नापतौल डोर कार्यक्रम सञ्चालन हुने भएको छ। आइतबार सूर्यविनायक नगरपालिका वडा नं. २ को बालकोट चोकस्थित बालकोट साकोट प्राङ्गणमा र सोमबार वडा नं. ६ को सूर्यविनायक चोकस्थित लक्ष्मी मिठाइ भण्डार अगाडि कार्यालय डोर कार्यक्रम सञ्चालन हुने सङ्घले जनाएको छ।

## हार्दिक समवेदना



यस श्री गणेश मा.वि.का पूर्वविद्यालय व्यवस्थापन समितिका सदस्य रामबहादुर फोजुकी धर्मपत्नी तथा विद्यालयका शुभचिन्तक तथा सहयोगीहरू रामजीप्रसाद फोजु, रामशरण फोजु र हरिशरण फोजुकी ममतामयी आमा **सानुमाया फोजु**को ९० वर्षको उमेरमा दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

जन्म : १९९२/04/05
निधन : २०८२/07/२५

**विद्यालय व्यवस्थापन समिति**
**श्री गणेश माध्यमिक विद्यालय**
चानपा-५, छालिङ्, भक्तपुर

## हार्दिक समवेदना



सूर्यविनायक बलाँक्व सङ्कटकालीन सेवा समितिका सदस्य पुष्कर उलककी माता **शुभलक्ष्मी उलक**को दुःखद निधन भएको आज दसौँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

जन्म : २००२/१२/२३
निधन : २०८२/07/२६

**सूर्यविनायक बलाँक्व सङ्कटकालीन सेवा समिति**

# बेखालदेखि खरिपाटीसम्मको सडक स्तरोन्नति विषयमा ध्यानाकर्षण

भक्तपुर, ४ मङ्सिर। भक्तपुर नगरपालिका वडा नं. १० कार्यालयको नेतृत्वमा गएको टोलीले सडक डिभिजन कार्यालय भक्तपुरमा डेलिगेसन (प्रत्यायोजन) नगरकोट सडक खण्डअन्तर्गत बेखाल ज्याखु फल्चादेखि खरिपाटी ब्यारेकसम्मको सडक स्तरोन्नति विषयमा ध्यानाकर्षण गरायो।

भनपा १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले भन्नुभयो, "विगत केही वर्षदेखि नगरकोट सडक खण्डको भनपा १० अन्तर्गत पर्ने उक्त सडक हिलामे र धुलामे भई सडकमा आवतजावत गर्न कष्टकर भएको छ।" उहाँले सडकको नाजुक अवस्थाका कारण अत्यधिक ट्राफिक जाम समस्या रहेको बताउनुभयो।

समयमै सम्बन्धित निकायले यस विषयमा सजग भई सडक स्तरोन्नति गर्नुपर्ने कुरा उहाँले सम्बन्धित कार्यालय प्रमुखलाई बताउनुभयो।

सम्बन्धित निकायले इमानदारीपूर्वक आफ्नो जिम्मेवारी निभाएको भए केही समयअघि नयाँ पुस्ताका नाममा भएको विध्वंस राज्यले बेहोर्नु नपर्ने कुरा पनि उहाँले बताउनुभयो।

सडक डिभिजन कार्यालयका वरिष्ठ डिभिजन इन्जिनियर सुमन योगेशले विगत दुई वर्षअघि यस नगरकोट सडक खण्ड स्तरोन्नति बजेटअनुसार कार्य गर्न खोज्दा विद्युत्को भूमिगत तार बिछ्याउने कार्यले गर्न नसकेको हाल गर्ने भनी दशैँमा तारताम्य मिलाउँदा अहिले यो सडकको जिम्मेवारी केन्द्रबाट प्रदेश सरकारलाई जिम्मा लगाएको हुँदा नगरकोट सडक खण्ड स्तरोन्नति गर्न कानुनी तथा प्राविधिक कठिनाइ भएको जानकारी गराउनुभयो।

उहाँले सामान्य खाल्डाखुल्डी पुर्ने बाहेक केही गर्न नसकेको भन्नुभयो। वर्तमान राजनीतिक घटनाक्रमले बजेट अभाव भएको हाललाई साइड ड्रेन सरसफाइ तथा सामान्य खाल्डाखुल्डी भर्न सक्ने उहाँले बताउनुभयो। दीर्घकालीन सडक स्तरोन्नति गर्न विशेष बजेट माग गरिसकेका छौँ र उक्त प्रक्रिया सहरी विकास मन्त्रालयबाट पास भई अर्थ मन्त्रालयमा पुगेको उहाँले भन्नुभयो।

# समसामयिक विषय र नयाँ पुस्ताको आन्दोलनबारे प्रवचन कार्यक्रम



भक्तपुर, ४ मङ्सिर। भक्तपुर जिल्ला बक्सिङ सङ्घको आयोजनामा समसामयिक विषय र नयाँ पुस्ताको आन्दोलनबारे प्रवचन कार्यक्रम बुधबार सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले शासक दलहरू सबै मिलेर सरकारमा जाने, विश्वविद्यालयदेखि हरेक सङ्घसंस्थामा भागबन्डा गरी खाने र सत्ता पक्षलाई प्रतिपक्षले सशक्त ढङ्गबाट विरोध र सतर्क नगर्दा नयाँ पुस्ता (जेन-जी) ले विद्रोह र आन्दोलन गर्नुपरेको बताउनुभयो।

उहाँले मानिस चेतनशील प्राणी भएकोले सामाजिक दायित्वमा बहन गर्नुपर्ने विचार व्यक्त गर्दै आफ्नो व्यवसाय र व्यक्तित्वमात्र विकास गर्नु भनेको पुँजीवादी विचार भएको बताउनुभयो।

उहाँले चीनमा गरिबी उन्मूलन सम्भव भएको चर्चा गर्दै चीनले २०४० सम्ममा अमेरिकालाई पछारेर विश्वको धनी र शक्तिशाली राष्ट्र बन्ने सम्भावनालाई रोक्न अमेरिकाले अनेक जालझेल गरिरहेको बताउनुभयो।

उहाँले सिद्धान्त र सङ्गठनबिना आन्दोलन र सङ्घर्ष बलिदानमा टुङ्गिने बताउँदै अध्ययनशील र सङ्गठित हुनुपर्ने बताउनुभयो।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष एवम् भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिका सदस्य उपेन्द्र सुवालले नेपालको सबभन्दा फोहर भनेर चिनिएको भक्तपुर एसियाकै सफा सहरको रूपमा विकास गर्न नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले योगदान गरेको बताउँदै नेमकिपा उम्मेदवारहरूले भक्तपुर नगरपालिकामा विजयसँगै सरसफाइ, शिक्षा, स्वास्थ्य र खेलकुदमा धेरै परिवर्तन भएको बताउनुभयो। उहाँले पर्यटन शुल्कबाट सम्पदा संरक्षण र सरसफाइ गरिरहेको बताउँदै मङ्सिर २५ गतेदेखि विद्यालयस्तरीय नगरव्यापी खेलकुद प्रतियोगिता हुने जानकारी दिनुभयो।

कार्यक्रमका सभापति एवम् भक्तपुर जिल्ला बक्सिङ सङ्घका अध्यक्ष रामकृष्ण प्रजापतिले नियमिति बैठक र बचत कार्यक्रमलाई सही सदुपयोग गरी सदस्यहरूलाई हरेक दृष्टिकोणले सक्षम बनाउन प्रत्येक महिनामा विशेषज्ञहरूबाट प्रवचन कार्यक्रम राख्दै आएको बताउनुभयो।

कार्यक्रममा नेपाल बक्सिङ महासङ्घका कोषाध्यक्ष गौतम सुजखुले पनि बोल्नुभएको थियो।

## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मिति २०८२/०७/२८ गते भक्तपुर सूर्यविनायकदेखि कमलविनायक बसपार्कसम्म जाने क्रममा मेरो खैरो रङ्गको पछाडि भिर्ने झोलामा निम्न विवरण भएको कक्षा १२ को माइग्रेसन सर्टिफिकेट तथा अन्य महत्त्वपूर्ण कागजपत्रहरू हराएको हुँदा फेला पार्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय अथवा मोबाईल नम्बर ९७६४२४४८९४ मा सम्पर्क गरी बुझाइदिनुहुन अनुरोध छ।

**नाम** : पवित्रा खनाल
**ठेगाना** : जिल्ला ललितपुर, महालक्ष्मी नगरपालिका वडा नं. ६, सानागाउँ
**रजिस्ट्रेशन नं.** ७७२५७९०१७
**माइग्रेसन सिरियल नम्बर** : M0048170

सङ्क्षिप्त समाचार

## जुम्लामा दुई मतदान केन्द्र थप गर्न सिफारिस

जुम्ला, ४ मङ्सिर । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालयले दुई वटा मतदान केन्द्र थप गर्न र एउटा केन्द्र स्थानान्तरण गर्न निर्वाचन आयोगमा सिफारिस गरेको छ ।

जिल्लाको हिमा गाउँपालिका-१ र पातारासी गाउँपालिका-७ मा एक/एक मतदान केन्द्र थप र तिला गाउँपालिका-९ मा एक मतदान केन्द्रको ठाउँ सार्न केन्द्रीय निर्वाचन आयोगमा सिफारिस गरिएको जिल्ला निर्वाचन कार्यालयका निमित्त कार्यालय प्रमुख नारायणी आचार्यले जानकारी दिनुभयो ।

आयोगले मतदाता नामावलीमा नाम दर्ता गर्न यही मङ्सिर ५ गतेसम्मको समयसीमा तोकेको छ । उहाँका अनुसार अहिले अनलाइनबाट आफ्नो मतदाता नामावली बनाउन सकिने व्यवस्था रहेकाले जिल्लामा करिब ८४९ जना नयाँ मतदाता थपिएका छन् । तीमध्ये ३७३ महिला र ४७६ पुरुष छन् ।

बाहिरी जिल्लाका ९७ जनाले जिल्लाबाट नयाँ मतदाता भरेका निमित्त कार्यालय प्रमुख आचार्यले उल्लेख गर्नुभयो । जिल्लामा नयाँ मतदाता थपिनुअघि कूल ६७ हजार ७३६ मतदाता रहेका उहाँको भनाइ छ ।

निर्वाचन कार्यालयले गत असोजदेखि मतदाता नामावली सङ्कलन गर्दै आएको छ । मतदाता नामावली सङ्कलनको म्याद कार्तिक मसान्तसम्म रहे पनि निर्वाचन आयोगले नाम दर्ता तथा अद्यावधिक कार्यमा देखिएको उत्साहजनक सहभागितालाई मध्यनजर गरी म्याद बढाएर मङ्सिर ५ गतेसम्मका लागि थप गरेको छ ।

एक नगरपालिकासहित सात गाउँपालिका रहेको जुम्लामा जिल्लाभरि ७९ मतदानस्थल र एक सय दुई मतदान केन्द्र रहेका निर्वाचन कार्यालय जुम्लाले जनाएको छ । यसैबिच, कार्यालयले यहाँस्थित मतदान केन्द्रको अवस्थाका बारेमा सर्वपक्षीय बैठक गरी मतदाता नामावली सङ्कलन, मतदान केन्द्र, निर्वाचन प्रक्रियालगायत विषयमा छलफल अघि बढाएको छ । ***रासस***

## बसको ठक्करबाट पैदलयात्रीको मृत्यु अरनिको राजमार्ग अवरुद्ध

काभ्रेपलाञ्चोक, ४ मङ्सिर । बसको ठक्करबाट काभ्रेपलाञ्चोकको पाँचखालमा एक पैदलयात्रीको मृत्यु भएको छ । अरनिको राजमार्गअन्तर्गत पाँचखाल नगरपालिका-४ पाँचखालस्थित सडकछेउमा पैदल हिँडिरहेका स्थानीय ६५ वर्षका दिलबहादुर श्रेष्ठलाई बसले बिहान ठक्कर दिँदा उपचारका क्रममा मृत्यु भएको हो ।

सिन्धुपाल्चोकको चौताराबाट काठमाडौँतर्फ आउँदै गरेको अरनिको यातायातको बा २ ख ६५७९ नं को बसले पैदलयात्री श्रेष्ठलाई ठक्कर दिएको थियो । स्थानीय राजन कार्कीका अनुसार बिहान ८ बजे बसेले ठक्कर दिएपछि गम्भीर घाइते श्रेष्ठको उपचारका क्रममा १२ बजे धुलिखेल अस्पतालमा मृत्यु भएको छ । प्रत्यक्षदर्शीका अनुसार सोही दिशाबाट अर्को बससँग 'कम्पिटिसन' गर्दै आएको उक्त बसले सडक छेउमा हिँडिरहेका श्रेष्ठलाई ठक्कर दिएर १० मिटर पर उछिट्याएको थियो ।

यसैबिच, उपचारका क्रममा श्रेष्ठको मृत्यु भएपछि उहाँका आफन्तले चालकलाई कारबाही तथा क्षतिपूर्तिको माग गर्दै अरनिको राजमार्ग अवरुद्ध गरेका छन् । घटनापछि चालक फरार भएपछि ठक्कर दिने बसलाई जिल्ला प्रहरी कार्यालय ल्याइएको छ, भने चालकको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

नगरप्रमुख महेश खरेलले पीडितलाई क्षतिपूर्ति तथा अवरुद्ध राजमार्ग खुलाउने प्रयास भइरहेको बताउनुभयो । ***रासस***

## सिञ्जाको रनुखानामा झोलुङ्गे पुल निर्माण

जुम्ला, ४ मङ्सिर । जिल्लाको सिञ्जा गाउँपालिका-२ स्थित रनुखानामा निर्माण सम्पन्न भएको झोलुङ्गे पुलबाट करिब चार सय परिवार लाभान्वित भएका छन् । यसअघि, पुल निर्माण नहुँदा स्थानीयवासी र विद्यार्थीलाई यात्रा गर्न समस्या हुने गरेको थियो ।

अहिले पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएपछि स्कूले विद्यार्थीलाई आवागमनमा सहज भएको सिञ्जा-२ का वडाध्यक्ष तीर्थ वडले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लास्थित पूर्वाधार विकास कार्यालयको रु. ५५ लाख बजेटमा गत वर्ष उपभोक्ता समितिसँग सम्झौता भई निर्माण सुरु भएको हो । चालु आवको कार्तिकको पहिलो सातामा निर्माण सम्पन्न भएको पुल अहिले सञ्चालनमा आएको उहाँले बताउनुभयो ।

यसले वडा कार्यालयभित्र पर्ने माध्यमिक विद्यालय चुलेलगाउँ, विष्टबाडार रनुखानाका विद्यार्थीलाई आवतजावत गर्ने सहज भएको स्थानीय बताउँछन् । एक गाउँबाट अर्को गाउँसम्म जोड्नका लागि करिब ७२ मिटर लम्बाइको झोलुङ्गे पुल निर्माण गरिएको वडाध्यक्ष वडले उल्लेख गर्नुभयो । पुल बनेपछि घुमाउँरो, लामो बाटो हिँड्नुपर्ने बाध्यता हटेको उहाँको भनाइ छ ।

पूर्वाधार विकास कार्यालय जुम्लाका प्रमुख प्रभाकरप्रसाद सिंहले रु. ५५ लाख लगानीमा उपभोक्ता समितिले निर्माण गरेको पुलबाट चार सय परिवारका साथै आगन्तुकहरू लाभान्वित भएका जानकारी दिनुभयो । ***रासस***

## सुनधारा कारागारबाट फरार कैदी पक्राउ

वाग्मती, ४ मङ्सिर । जेनजी आन्दोलनका क्रममा केन्द्रीय कारागारबाट फरार एक कैदीलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ ।

पालुङस्थित इलाका प्रहरी कार्यालयको प्रहरी टोलीले गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा सुन्धारास्थित केन्द्रीय कारागारबाट फरार मकवानपुरको थाहा नगरपालिका-९, बस्नेत टोल निवासी ३२ वर्षीय भूपेन्द्र बस्नेतलाई पक्राउ गरेको हो । निजलाई भीमफेदी कारागारमा बुझाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । ***रासस***




'मर्स्याङ्दी बचाउ अभियान' - र्‍याली

लमजुङको बेँसीसहर नगरपालिका हुँदै बग्ने मर्स्याङ्दी नदीमा निर्माणाधीन ५० मेगावाटको मर्स्याङ्दी बेँसी जलविद्युत् आयोजना रोक्न माग गर्दै स्थानीयवासीहरूले 'मर्स्याङ्दी बचाउ अभियान'को अगुवाइमा बिहीबार दिउँसो बेँसीसहरमा निकालिएको र्‍यालीमा सहभागीहरू । यस आयोजनाले बेँसीसहरका स्थानीयलाई असर पर्ने देखि मर्स्याङ्दी नदी सुक्ने र वातावरणमा असर पर्ने भन्दै विरोध र्‍याली निकालिएको हो । *तस्बिर: जनक श्रेष्ठ/रासस*

## अनलाइन ठगीबाट जोगिन प्रहरीद्वारा सातबुँदे अनुरोध

काठमाडौँ, ४ मङ्सिर । पछिल्लो समयमा अनलाइनबाट ठगी हुने क्रम बढेको भन्दै नेपाल प्रहरीले त्यसबाट जोगिन सातबुँदे अनुरोध जारी गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौँले एक सार्वजनिक सूचना जारी गरेर अनलाइन ठगीबाट जोगिन सातबुँदे अनुरोध जारी गरेको हो ।

परिसरका प्रवक्ता पवनकुमार भट्टराईले नागरिक प्रलोभनमा परेर रकम ठगीमा पर्ने गरेका दैनिकजसो घटना आइरहेकाले सचेतनाका लागि सूचना जारी गरिएको बताउनुभयो । उहाँका अनुसार सामाजिक सञ्जाल फेसबुक, इमो, ह्वाटसएप, भाइबर, इन्स्टाग्रामलगायत माध्यमबाट 'तपाईंलाई चिठ्ठा परेको छ, उक्त रकम प्राप्त गर्न केही रकम (राजस्व) तिर्नुपर्छ' भनी रकम पठाउन लगाउँदै ठगी गर्नसक्ने भएकाले त्यसतर्फ सचेत हुन अनुरोध गरिएको छ ।

सार्वजनिक सूचनामा अनलाइनबाट सामान खरिद गरी रकम भुक्तानी तिर्दा आधिकारिक बिक्रेता यकीन गरी मात्र तिर्न र नगद दिँदा पनि सुरक्षित हुन अनुरोध गरिएको छ । प्रवक्ता भट्टराईले भन्नुभयो, "अपरिचित व्यक्ति वा नम्बरबाट श्रव्यदृश्य सन्देश (भिडियोकल) गरी उक्त कल रेकर्ड गरेर भिडियोलाई अश्लिल बनाएर 'ब्ल्याकमेल' गर्ने र पैसा माग्ने जोखिम बढेकाले, त्यसतर्फ पनि सावधान हुनुस् ।"

उहाँका अनुसार आफ्ना साथीभाइहरू तथा आफन्तले विभिन्न सामाजिक सञ्जालबाट समस्या देखाइ आर्थिक सहयोग मागेमा प्रत्यक्ष सम्पर्क गरी यकीन गरेर मात्रै सहयोग गर्न अनुरोध गरिएको छ । उक्त समयमा खाता 'ह्याक' हुनसक्ने भएकाले सचेत हुनुपर्ने जरुरी रहेको उहाँले बताउनुभयो ।

सामाजिक सञ्जाल तथा अन्य अनलाइन माध्यममा सस्तो दरमा सामान देखाएर अग्रिम (एड्भान्स) रकम पठाउन लगाई ठगी हुनसक्ने भएकाले पनि त्यसतर्फ ख्याल गर्न सूचनामार्फत अनुरोध गरिएको छ ।

त्यस्तै, अपरिचित वा नयाँ सामाजिक सञ्जालका कुनै पनि 'लिङ्क' नखोल्न अनुरोध गर्दै प्रहरीले आफ्नो 'ओटिपी कोड' अरुलाई नदिन, आफ्नो मोबाइलको 'स्क्रिन' कसैलाई नदिन, सामाजिक सञ्जालमा आफ्ना महत्त्वपूर्ण जानकारी नराख्न, आफ्नो 'पासवर्ड' लगायत निजी विवरण साथीभाइ वा नजिकैका आफन्तलाई पनि नदिन अनुरोध गरेको छ । ***रासस***

## खेलकुदमार्फत बालअधिकार र लैङ्गिक समानताको सन्देश

काठमाडौँ, ४ मङ्सिर । बिहीबार २० नोभेम्बर अर्थात् विश्व बाल दिवस । युनिसेफले नेपाल क्रिकेट सङ्घ (क्यान) र अष्ट्रेलियाली दूतावाससँगको साझेदारीमा बिहीबार कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालामा विशेष कार्यक्रममार्फत विश्व बाल दिवस मनाएको छ । बालअधिकार, लैङ्गिक समानता र खेलकुदले समाजमा सकारात्मक परिवर्तन ल्याउनसक्ने सन्देश प्रवाह गर्ने उद्देश्यले यो दिवस मनाइएको हो ।

यस वर्ष, युनिसेफ नेपालले क्यान र अष्ट्रेलियाली दूतावाससँगको साझेदारीमा 'लेभलिङ द प्लेइङ फिल्ड' नामक संयुक्त पहलमार्फत दिवस मनाएको हो । कार्यक्रमले क्रिकेटको लोकप्रियतासहित मुलुकभरका बालबालिकाका लागि समान अवसर प्रवर्द्धन गर्ने, किशोरी विद्यालयमा टिकाइ राख्ने, किशोरीलाई आवश्यक सेवासुविधामा पहुँच पुऱ्याउने, आफ्नो समुदायमा पूर्ण रूपमा सहभागिता जनाउन सक्ने बनाउनेलगायत उद्देश्य लिएको छ ।

कार्यक्रममा ३०० भन्दा बढी बालबालिकाको सहभागिता रहेको छ । जहाँ बालबालिकाले नेपालको राष्ट्रिय महिला क्रिकेट टोलीसँग मैत्रीपूर्ण क्रिकेट खेल पनि खेलेका छन् ।

युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले सो अवसरमा उपस्थित भएका सम्पूर्णलाई धन्यवाद दिँदै भन्नुभयो, "तपाईंहरूले हाम्रो देशप्रति देखाउनुभएको प्रेम र युवालाई संलग्न गराउने, सशक्त बनाउने उद्देश्यले कार्यक्रम आयोजना गर्नुभएकामा हामी आभारी छौँ ।"

अष्ट्रेलियाली राजदूत लियान जोन्स्टनले किशोरीको शिक्षा, सीप र आत्मविश्वासमा केन्द्रित हुनु भनेको नेपालको भविष्यमा लगानी गर्नु भएको बताउँदै सशक्त बालिकाले सबल समुदाय तथा समृद्ध परिवार र समाज निर्माण गर्नसक्ने क्षमता राख्ने धारणा राख्नुभयो ।

कार्यक्रममा क्यानका अध्यक्ष चतुरबहादुर चन्दले भन्नुभयो, "क्यानमा हामी सधैँ विश्वास गर्छौं कि क्रिकेट केवल खेलमात्र होइन । यो आत्मविश्वास, अनुशासन र नेतृत्वको गुण विकास गर्ने एउटा मञ्च हो, जसले सक्षम र जिम्मेवार युवा नागरिक तयार पार्छ ।"

युनिसेफकी नेपाल प्रतिनिधि एलिस अकुङ्गाले नेपाल सरकार, नेपाल क्रिकेट सङ्घ, अष्ट्रेलियाली दूतावास, शिक्षाकर्मीकालगायत आमसमुदायले बालबालिका र युवाको अधिकार प्रवर्द्धन तथा समावेशी र न्यायपूर्ण नेपाल निर्माणमा गरेको प्रतिबद्धताका लागि धन्यवाद व्यक्त गर्नुभयो ।

विश्व बाल दिवसको अवसरमा युनिसेफले 'युरिपोर्ट पोल' पनि सुरु गरेको छ । उक्त पोलले बालबालिका र युवालाई बालअधिकारबारे आफ्ना विचार व्यक्त गर्न, समस्या समाधान प्रक्रियामा सहभागी हुन आग्रह गर्दछ । ***रासस***

## जेनजी प्रदर्शनको क्रममा आगजनी गर्नेलाई मुद्दा दर्ता

लुम्बिनी ४, मङ्सिर । जेनजी प्रदर्शनका क्रममा विभिन्न कारागारबाट फरार कैदीहरू रूपन्देहीमा पक्राउ परेका छन् । गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा कारागार कार्यालयमा भएको तोडफोड, आगजनीपश्चात् फरार कैदीलाई प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय रूपन्देही र कार्यालय मातहतसमेतबाट फरार कैदीलाई नियन्त्रणमा लिई जिल्ला कारागार कार्यालय रूपन्देहीमा बुझाइएको छ ।

कपिलवस्तु कारागारबाट फरार बैङ्किङ कसूर मुद्दाका ४४ वर्षीय तुलबहादुर पुनलाई इलाका प्रहरी कार्यालय सालझण्डीबाट खटेको टोलीले मङ्सिर १ गते नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक सुरज कार्कीले जानकारी दिनभयो ।

त्यस्तै, इलाका प्रहरी कार्यालय मङ्गलापुरबाट खटिएको टोलीले नवलपरासी कारागारबाट फरार जबर्जस्ती करणी मुद्दाका रूपन्देहीको तिलोत्तमा नगरपालिका-३ बस्ने ५० वर्षीय रुद्रबहादुर पुनलाई मङ्सिर २ गते पक्राउ गरेको हो ।

त्यसैगरी जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले तनहुँ कारागारबाट फरार लागुऔषध मुद्दाका भारतको जिल्ला महाराजगञ्ज थाना नौतनवा बस्ने २० वर्षीय दीपक कुमारलाई बुधबार पक्राउ गरेको छ । कुमारलाई सिद्धार्थनगर नगरपालिका-१३ बाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

यस्तै गत भदौ २४ गते प्रहरी कार्यालयमा आगजनी, तोडफोड र चोरीमा संलग्न ६ जनालाई इलाका प्रहरी कार्यालय बुटवलले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय, बुटवलले भदौ २४ गते बुटवलका विभिन्न सरकारी तथा व्यावसायिक प्रतिष्ठान तथा प्रहरीका हतियार तथा समान लुटपाट गर्ने, आगजनी र तोडफोड गर्ने ६ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको इलाका प्रहरी कार्यालय, बुटवलका प्रमुख प्रहरी नायब उपरीक्षक इन्द्र रानाले जानकारी दिनुभयो ।

यसरी पक्राउ पर्नेमा इलाका प्रहरी कार्यालय मङ्गलपुरमा आगजनी र तोडफोड गर्ने, प्रहरी कार्यालयबाट हतकडी चोरी गर्ने तथा ड्रिमल्याण्ड होटेलमा आगजनी, तोडफोड र चोरीमा संलग्न रहेकाहरू छन् ।

प्रहरी उपरीक्षक रानाका अनुसार प्रहरी कार्यालयमा आगजनी र तोडफोड गर्नेमा तिलोत्तमा नगरपालिका-९ का ३२ वर्षको मुर आलम मुसलमान, ३६ वर्षको सुरज भण्डारी, २७ वर्षको कुमार उप्रेती र तिलोत्तमा ७ को १९ वर्षको विनोद सुनुवार रहेका छन् ।

त्यस्तै, प्रहरी कार्यालय मङ्गलापुरबाट हतकडी चोरी गर्ने बुटवल उपमहानगरपालिका-११ का २९ वर्षीय विवेक शाहीलाई पनि प्रहरीले पक्राउ गरेको छ । शाहीले प्रहरी कार्यालयबाट हतकडी चोरी फरार रहेका थिए । उनलाई आफ्नै कोठाबाट हतकडीसहित पक्राउ गरिएको प्रहरी उपरीक्षक रानाले बताउनुभयो ।

त्यस्तै, ड्रिमल्याण्ड होटेलमा आगजनी, तोडफोड र चोरीमा संलग्न बुटवल उपमहानगरपालिका-४ को ३८ वर्षीय अनिल थापा पनि पक्राउ परेका छन् । पक्राउ परेका सबैलाई चोरी र आपाराधिक उपद्रता मुद्दा दर्ता गरिएको प्रहरी नायब उपरीक्षक रानाले जानकारी दिनुभयो । ***रासस***

। सम्पादकीय ।

# शासकहरू देश र जनताप्रति समर्पित हुनु आवश्यक

नेपालका शासकहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विदेशी शक्ति राष्ट्र, बिचौलिया र ठुलठुला उद्योगी, व्यापारीहरूबाट प्रभावित भएको हुँदा सरकारले न बहुमत जनताको सेवामा ऐन कानुन बनाएको छ न त विकासलाई उचाइमा पुऱ्याएर जनताको जीवन सुनिश्चित गर्ने बाटो नै कोरेको छ । नेपाल र नेपाली जनताको सेवा र विकासभन्दा विदेश, विदेशी, बिचौलिया र गैरसरकारी संस्थाको कुरा सुनेर शासकहरूले देशलाई अनिर्णयको बन्दी बनाउँदै छन् । शासकहरूको पछाडि भ्रष्टाचारी, कमिसनखोर, कालाबजारी, आपराधिक व्यक्ति, ठेकेदारहरू लागेको कारण देशमा सुशासन छैन; विधिको शासन छैन । शासकहरूको पछि लाग्ने समूहका व्यक्तिहरू इमानदार भएनन्, देश र जनताप्रति समर्पित भएनन् । आफ्नो जीवनको मात्र स्वार्थ हेर्नेहरूको विचार र दृष्टिकोण सङ्कीर्ण हुन्छ ।

राज्यका सबै संरचना र निकायमा सेटिङमार्फत नीतिगत भ्रष्टाचार गरेर खरबौँ रूपैयाँ बिचौलियाहरूले आर्जन गरेको खबर प्रकाशमा आएको छ । यस कार्यमा दीपक भट्ट र सुलभ अग्रवाल समूह संलग्न भएको खबर समाचारपत्रमा प्रकाशित भएको छ । यस्ता बिचौलियाहरूले वर्तमान सुशीला कार्कीको सरकारलाई पनि प्रभाव पारेको हुनसक्ने आशङ्का छ । मङ्सिर ३ गतेको 'नेपाल समाचारपत्र' मा 'के यो देश सधैँ बिचौलियाहरूकै सेवा हो ?' शीर्षकको समाचार छापियो । समाचारमा जेन-जी सरकारलाई प्रभावमा पार्दै भट्ट समूह रहेको र अनुसन्धान सुस्त भएको उल्लेख छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) नेपाल राष्ट्र बैङ्क, आन्तरिक राजस्व विभाग र राजस्व अनुसन्धान विभागका प्रतिनिधि सम्मिलित संयुक्त टोलीको अनुसन्धान प्रक्रियामा पनि असर परेको चर्चाको विषय बनेको छ ।

बिचौलियाहरूले शासकहरूलाई राम्रो काम गर्न दिँदैनन् या शासकहरूलाई चक्कर घुमाउँछन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरकानुनी संस्थाले देशमा विकास गर्न दिँदैन; पैसाको छेलोखेलो गरेर पैसामा बिकाउने, बिगार्ने काममा सघाउँछ । अरुको ठुलठुला उद्योगपति, व्यवसायीहरू आफूले उत्पादन गरेको सामानमा कर छुट गराउन सक्रिय हुन्छन् । भ्रष्टाचारी, कालाबजारी र कमिसनखोरहरू शासक दललाई चन्दा दिन्छन् या आर्थिक सहयोग गर्छन् । शासक दललाई चन्दा दिने कारण शासकहरू उनीहरूको विरोधमा बोल्दैनन्; बोले पनि बोलेजस्तो गरेर कारबाहीको प्रक्रिया अघि बढाउँदैनन् । देशमा भ्रष्टाचार नियन्त्रण गर्न नसक्नुको कारण शासकहरू भ्रष्टाचारीहरूको वरिपरि घुमिरहनु हो । भ्रष्टाचारीहरूलाई बचाउन शासकहरू एक आपसमा मिल्छन् । भ्रष्टाचार प्रकरणका मुद्दाहरू सार्वजनिक भए पनि त्यसको प्रक्रिया अघि बढाइएको छैन । आ-आफ्नो दलमा आबद्ध भ्रष्टाचारीहरू कारबाहीमा पर्ला भनेरै प्रक्रिया अघि बढाइँदैन । यही कारण ट्रान्सपरेन्सी इन्टरनेसनलले नेपाललाई बढी भ्रष्टाचार हुने देशको सूचीमा राखेको छ । हुन पनि नेपाल बेथितै बेथिति भएको देश बनेको छ । यो देशको निम्ति दुर्भाग्यको विषय हो ।

शासकहरू आफ्नो बुद्धि र विवेकभन्दा, नेपाल र नेपालीको हितभन्दा अरुकै लहै लहैमा लागेको कारण देशको राजनीति भताभुङ्ग भइरहेको हो; अराजक गतिविधि बढेको हो, अस्थिर राजनीतिमा मुछिएको हो । यी सबै शासकीय कमजोरीका कारण भएका हुन् । सुशासन र समृद्धको निम्ति लागेका भनिएका शासकहरूसँग असल सोच, असल बुझाइ र असल कार्य नहुँदा जनतामा निराशा छाएको हो । सर्वसाधारण जनतामा राजनीति र शासनप्रति जनताको विश्वास गुम्दै गएको यथार्थ हो । शासक दलभित्रका नेताहरू असल, इमानदार, निःस्वार्थी हुनुपर्छ । शासक पार्टीमा खराब र अनैतिक नेता तथा कार्यकर्ताहरू फसेपछि, सदाचारी र इमानदार व्यक्तिहरूलाई पाखामा राखेपछि देशको राजनीति कसरी सङ्लो हुन्छ । राजनीतिलाई जवाफदेही बनाउने, सत्य बोल्ने, झूट कुरा उदाङ्ग्याउने काममा दलका नेताहरू सक्रिय हुनुपर्छ । अतः शासक या हरेक राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू नैतिकवान्, चरित्रवान्, देशभक्त, निःस्वार्थी, इमानदार, देश र जनताप्रति जिम्मेवार तथा बहुमत जनताको पक्षमा उभिनुपर्छ । आमूल परिवर्तनको निम्ति सबै जुट्नुपर्छ ।

# सरकारमा गएकाहरू गाँसेगुसे एकैनासे !

● प्रज्ज्वल

नेपाली नागरिकताको परिचयपत्रको व्यवस्था भइरहेकै हो । नेपालजस्तो शिक्षा, स्वास्थ्य, आवास र खाद्यान्नमा पछाडि परेको देशमा अर्बौं रुपैयाँ खर्च हुने गरी राष्ट्रिय परिचयपत्रको छपाइमा कमिसन कुम्ल्याउने अधिकारीहरूलाई कठघरामा किन उभ्याउनु पर्दैन ? नेपाली नागरिकताको आधारमा मतदान गर्न मिल्ने व्यवस्था गर्न सकिन्थ्यो । मतदाता परिचयपत्र थप प्रकाशित गरी अर्बौं रुपैयाँ कमिसन कुम्ल्याउनेहरूलाई कठघरामा उभ्याउनु पर्दैन ? यसमा विदेशीलाई नेपाली नागरिकता प्रमाणपत्र उपलब्ध गराउनेहरूलाई पनि कठघरामा उभ्याउनु जरुरी छ ।

विद्यालय शिक्षा निःशुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा निःशुल्क, देशभित्र रोजगारी, उत्पादनका मुख्य मुख्य साधन र सेवा राष्ट्रियकरण, विदेशमा सम्पत्ति राख्न नपाउने, ठुल्ठुला भ्रष्टाचारीहरूलाई मृत्युदण्डको सजायसमेत हुने कानुनी व्यवस्था नयाँ पुस्तासँगै सम्पूर्ण नेपाली जनताको रोजाइ हो । यसमा 'यदि' र 'तर' बहाना गर्नु जरुरी छैन । नेपालमा ठूला भ्रष्टाचारीहरूलाई मृत्युदण्डको सजायसमेत हुने कानुनी व्यवस्था हुनु जरुरी छ ।

बहुदल र गणतन्त्रको ३५ वर्षयता प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री भएकाहरूलाई नेपाली जनताले फेरि विश्वास गरेमा के थप धोका हुँदैन ? निश्चय पनि हुनेछ । सरकारमा गएकाहरू उमेरका कारण अयोग्य भएका होइनन्, जनतालाई दिएको वाचाअनुसार काम गर्न नसकेका अर्थात् धोका दिएका कारण अयोग्य भएका हुन् । भ्रष्टाचार एवम् कमिसनमा डुबेकाहरूलाई जनताले मत दिने होइन, कठघरामा उभ्याउने हो । शासक दल र तिनका नेताहरूको अनुहारमा लागेको सीमित व्यक्तिको स्वार्थ हेर्ने भ्रष्टाचारको 'दाग' हटाउन ऐना पुछेर हुँदैन, उनीहरूलाई निर्वाचनमा उठ्न नदिने कानुन बन्नुपर्दछ वा उठेमा जनताले मत नदिएर हराउनै पर्दछ । चुनाव प्रचारमा एक थोक र सरकारमा पुगेपछि अर्को थोक गर्ने विश्वासघाती शासकहरूलाई जनताले सजाय दिने चुनाव नै हो ।

माओवादीबाट प्रधानमन्त्री भएका बाबुराम भट्टराईका पालाका महान्यायाधिवक्ता दोलखामा जन्मेर काठमाडौँ बसेका मुक्ति प्रधानले पत्रकार डेकेन्द्र थापा हत्यामा संलग्नलाई उन्मुक्ति दिने गरी प्रहरीलाई पत्र लेखेको सार्वजनिक भयो । नेपाली काङ्ग्रेसबाट रौतहटमा निर्वाचित अफताव आलमलाई मुद्दा नलाग्ने निर्णय गर्ने महान्याधिवक्ता यज्ञमूर्ति बन्जाडे भएको पनि सार्वजनिक भयो । किशोरीहरूको 'डिम्ब' तस्करीमा लागेका डा. स्वस्ति शर्मा, डा. मालिना चौधरी, अश्मि अधिकारी, जस्टिना प्रधान र आलिशा वली प्रहरी नियन्त्रणमा परे पनि हाजिर जमानीमा छुटेको र अहिलेको सरकारका वकिलले मुद्दा नचलाउने निर्णय गरेको पनि सार्वजनिक भयो । यसरी ३५ वर्षयता बहुदल र गणतन्त्रमा प्रधानमन्त्री र मन्त्री भएकाहरू गाँसेगुसे एकैनासे साबित भयो ।

एमालेले प्रतिनिधिसभा पुनःस्थापनाको माग गरी मङ्सिर ५ र ६ गते काठमाडौँ केन्द्रित र मङ्सिर २७ गते देशव्यापी आन्दोलन गर्ने भने पनि भित्रभित्रै निर्वाचन तयारीमा लागेको बताइन्छ । निर्वाचन आयोगले बोलाएको बैठकमा अनुपस्थित हुने गरे पनि एमाले जिल्ला जिल्लामा मतदान केन्द्र परिवर्तन गर्नुपर्ने वा नपर्ने विषयलगायतमा प्रमुख जिल्ला अधिकारीको बैठकमा उपस्थित भइरहेको छ । पैँतीस वर्षयता एमाले सरकारमा विरलै मात्र सहभागी भएन । जनताको बहुदलीय जनवादको नाममा एमाले पुँजीवादी सरकारको भागबन्डामा नेका, माओवादी, राप्रपासँग सहभागी हुँदै आएको हो । यो अवधिमा लामो समय सरकारको नेतृत्व गर्नेहरू क्रमशः नेका, एमाले, माओवादी हुन् । देउवा, ओली, दाहालको वरिपरि सरकारको नेतृत्व घुमिरहेको तर देश र जनताको हितमा कुनै काम नभएको भनी तिनकै कार्यकर्ता र समर्थकहरूलाई चित्त नबुझेको पनि सार्वजनिक भयो । यसकारण, देशमा आजको सङ्कट उत्पन्न हुनुमा इतिहासले देउवा, ओली, दाहाललाई नै जिम्मेवार ठहऱ्याउनेछ । निर्दलीय पञ्चायती सरकारलाई प्रतिगामी दाबी गरेका नेका, एमाले, माओवादीका सरकारहरू स्वयम् प्रतिगामी साबित भए ।

### निर्वाचन कार्यतालिका प्रकाशित

निर्वाचन आयोगले कार्तिक ३० गतेसम्म दल दर्ताको समय तोकेको थियो । यो अवधिमा पुराना र नयाँ गरी १२३ दल आयोगमा दर्ता भइसकेको र ३२ दल दर्ता प्रक्रियामा रहेको सार्वजनिक भयो । आयोगले प्रक्रियामा रहेका दललाई पर्याप्त समय दिएर दर्ता टुङ्ग्याउने बतायो ।

दर्ता भइसकेका कुल दलहरूलाई आगामी फागुन २१ गतेको प्रतिनिधिसभाको चुनावमा भाग लिने वा नलिने सुनिश्चितताको लागि आयोगले मङ्सिर १ गतेदेखि १० गतेसम्म पुनः दर्ताको अवधि तोकेको छ । आयोगले कार्तिक ३० गते प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को निर्वाचन कार्यक्रम पनि प्रकाशित गऱ्यो । सो कार्यक्रमअनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने मिति २०८२ माघ ६ गते तोकिएको छ ।

समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूलाई आयोगमा दर्ताको लागि २०८२ मङ्सिर २१ गतेदेखि २३ गतेसम्म मिति तोकिएको छ । पार्टीहरूलाई समानुपातिक उम्मेदवारको बन्दसूची तयारीको लागि २०८२ मङ्सिर २७ गतेदेखि पुस १२ गतेसम्म र बन्दसूची आयोगमा पेसको लागि २०८२ पुस १३ देखि १४ गतेसम्म मिति तोकिएको छ । पेस भएको बन्दसूचीमा सच्याउन २०८२ पुस १५ गतेदेखि २० गतेसम्म र सच्याएअनुसारको संशोधन सूची पेस गर्न पार्टीलाई २०८२ पुस २१ गतेदेखि २७ गतेसम्म मिति तोकिएको छ । यसरी आयोग निर्वाचनको तयारीमा लागेको छ । सरकारले स्वच्छ निर्वाचनको लागि सुरक्षा प्रत्याभूति गर्नु जरुरी हुन्छ ।

# नेपालभाषा साहित्य तःमुंज्या हाम्रो समाजमा एक स्थापित कार्यक्रम हो



*(भादगाउँ टेलिभिजनमा प्रसारित 'हलिमय् थ्वयाच्वंगु सः' कार्यक्रममा नेपालभाषा साहित्य तःमुंज्या कीर्तिपुरको आयोजनामा मङ्सिर १८ गते पूर्णिमाको दिन हुन गइरहेको १२ औँ नेपालभाषा साहित्य तःमुंज्याको विषयमा आयोजक संस्थाका सचिव नारायण महर्जनसँग गरिएको कुराकानीमा आधारित)*

**● १२ औँ नेपालभाषा साहित्य तःमुंज्याको तयारी कसरी भइरहेको छ ?**

विभिन्न समितिहरू गठन गरी कार्य विभाजनअनुसार काम भइरहेको छ । हामीले प्रचार-प्रसार तथा साहित्य सङ्कलनलाई विशेष प्राथमिकता दिएका छौँ ।

**● साहित्य सम्मेलनमा कस्तो साहित्यको अपेक्षा गर्नुभएको छ ?**

सम्मेलनको उद्देश्य भनेको नै साहित्यको माध्यमबाट जनतालाई जागृत तथा सचेत बनाउने हो । यथास्थितिवादी साहित्यभन्दा प्रगतिशील जनसाहित्यले यस सम्मेलनमा स्थान पाउने छ ।

**● जनतालाई सचेत तथा जागृत बनाउने उद्देश्यले आयोजना भइरहेको यस सम्मेलन किन नेपालभाषा साहित्य तःमुंज्याको नाममा नेपालभाषामा मात्र गर्नुपर्यो ?**

हामीले यो कार्यक्रम नेवार समुदायको बाहुल्यता भएको काठमाडौँ उपत्यकाका विभिन्न स्थानहरू जस्तैः- भक्तपुर नगरपालिकाका विभिन्न वडा, काठमाडौँ महानगपालिकाका विभिन्न टोल, ललितपुर जिल्लाको विभिन्न पालिकाका वडा, काभ्रेको बनेपा तथा कीर्तिपुर नगरपालिकाको विभिन्न वडामा कार्यक्रम भइरहेको छ । नयाँ पुस्तामा नेपालभाषाको प्रसार कममात्र भएकोले नेपालभाषाको संरक्षणको लागि पनि नेपालभाषा साहित्य तःमुंज्या आयोजना भएको छ । सांस्कृतिक स्तर उठाउन र राजनीतिक चेतना दिन पनि यो सम्मेलन हुँदै आएको हो । जनतालाई राजनीतिकरूपमा जागरुक गर्न यस प्रकारको साहित्यिक कार्यक्रमको आयोजना हुँदै आइरहेको छ ।

**● मङ्सिर १८ गते हुन गइरहेको यस कार्यक्रमको मुख्य आकर्षण के रहेको छ ?**

विगतका वर्षमा जस्तै यो वर्षमा पनि कार्यक्रम हुने टोलका ज्येष्ठ सांस्कृतिक गुरुबाट सम्मेलनको उद्घाटन हुनेछ । टोलमा रहेका सांस्कृतिक समूहबाट प्रस्तुति हुनेछ । साथमा सांस्कृतिक गुरुहरूको सम्मान हुनेछ । यसको अलावा विषय विज्ञहरूको तर्फबाट विशेष प्रवचन प्रस्तुत हुनेछ ।

**● कार्यक्रम सञ्चालन गर्दा के-कस्ता चुनौतीको सामना गर्नुभएको छ ?**

नेपालभाषा साहित्य तःमुंज्या हाम्रो समाजमा एक स्थापित कार्यक्रम हो । वर्तमान समयमा यस प्रकारका कार्यक्रम कममात्र भइरहेकोले साहित्य सङ्कलन तथा सांस्कृतिक समूहको उपस्थिति सजिलै हुनेछ । तर, देशमा रहेको आर्थिक मन्दीको कारण आर्थिक व्यवस्थापन चुनौतीको रूपमा रहेको छ । स्थानीय सरकारबाट अपेक्षाकृत सहयोग प्राप्त हुनसकेको छैन । यद्यपि, यस कार्यक्रममा आबद्ध साथीहरूको व्यक्तिगत सहयोगबाट भए पनि कार्यक्रमलाई व्यवस्थित ढङ्गले सञ्चालन गरी सम्पन्न गर्नेछौँ ।

**● अन्त्यमा, केही भन्नु छ कि ?**

मङ्सिर १८ गते हुन गइरहेको नेपालभाषा साहित्य तःमुंज्यामा साहित्यिक प्रतिस्पर्धा हुने भएकोले मङ्सिर १४ गतेसम्म आफ्नो साहित्य समावेश गरिदिनुहुन सम्पूर्ण साहित्यप्रेमीमा अनुरोध छ । कार्यक्रममा सहभागिताको लागि पनि सम्पूर्णमा अनुरोध गर्न चाहन्छु ।

# जारशाही संसद्मा बोल्शेभिक सांसद – १७


● ए. बादायेभ

*(धातु मजदुर अलेक्सेइ बादायेभ बोल्शेभिक कार्यकर्ता थिए । उनी पुरानो बोल्शेभिक गार्डका सदस्य थिए । सन् १९१२ मा रुसी संसद् 'ड्युमा' को चौथो निर्वाचन भयो । यसलाई चौथो ड्युमा/संसद् भनिन्छ । बादायेभ पिटर्सबर्ग सहरबाट सांसद् बने । बादायेभलगायत पाँच बोल्शेभिक कार्यकर्ता संसद्मा निर्वाचित भएका थिए ।*

*सन् १९१४ को अगस्तमा प्रथम विश्वयुद्ध सुरु भयो । युरोपका साम्राज्यवादी देशहरू गरिब उपनिवेशका प्राकृतिक स्रोतसाधन लुछाचुँडी गर्न नृशंस युद्धमा होमिए । त्यही वर्ष नोभेम्बर महिनामा बोल्शेभिक सांसदहरूलाई पक्राउ गरी साइबेरिया निर्वासनमा पठाइयो ।*

*सन् १९१७ मा लेनिनको नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति भयो । क्रान्तिका १५ वर्षपछि सन् १९२९ मा बादायेभको आत्मवृत्तान्त प्रकाशित भयो । पुस्तकको नाम थियो - 'जारशाही संसद्मा बोल्शेभिक सांसद' (The Bolsheviks in the Tsarist Duma) । यो पुस्तक बादायेभको निजी अनुभव, टिपोट र ऐतिहासिक दस्तावेजहरूमा आधारित छ ।*

*सन् १९०५ को क्रान्तिपछि क्रान्तिकारी उभार कसरी सेलायो ? संसद्मा बोल्शेभिक पार्टीको नीति र कार्यशैली कस्तो थियो ? जारशाही रुसका विसङ्गतिहरूलाई बोल्शेभिक सांसदहरूले कसरी उदाङ्गो पार्दै गए ? रुसका कामदार जनतालाई राजनीतिक शिक्षा दिन संसद् र 'प्राभ्दा' पत्रिकाको भूमिका कस्तो रह्यो ? क्रान्तिकारी सङ्घर्ष के-कस्ता उतारचढावबाट गुज्रियो ? सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले कस्तो परिवेशमा आकार लियो ? यी तमाम विषयको जीवन्त चित्रण छ पुस्तकमा । यस हिसाबले बादायेभको आत्मवृत्तान्त संसद्को क्रान्तिकारी उपयोगबारे एक गम्भीर साहित्य तथा ऐतिहासिक दस्तावेज पनि हो । अक्टोबर क्रान्ति दिवसको अवसरमा 'मजदुर' दैनिकमा यही पुस्तकको अनौपचारिक अनुवाद प्रस्तुत छ । सम्पादक)*





प्रहरीहरू हामीमाथि खुलेरै जाइलाग्दैनथे । हामीलाई केही गरे विरोध हडताल हुँदै क्रान्ति सुरु हुनसक्छ भनी उनीहरू डराउँथे । तर, उनीहरू हाम्रा हरेक गतिविधिमाथि कडा निगरानी राख्थे । अर्कोतर्फ मजदुर सांसदहरूसँग अलिकति मात्र सम्बन्ध राख्ने जोकोहीलाई उनीहरू सताउनु सताउँथे । मजदुर सांसदहरूको जीवन निकै कठोर थियो । अलिकति पनि गडबडी गरे खौलामा खसिन्थ्यो । व्यक्ति विशेष जेलमा पर्ने मात्र होइन, पूरै सङ्गठन नै कारबाहीमा पर्न सक्थ्यो । त्यसकारण, बाहिरफेर भ्रमणमा जाँदा हामी सकेसम्म गुप्त तवरले जान खोज्थ्यौँ र काउसोभैँ पछि लाग्ने सुराकीबाट जोगिन खोज्थ्यौँ । सेन्ट पिटर्सबर्गमै पनि यस्तो गुप्त तरिका अपनाउनुपर्थ्यो । सुदूर प्रान्तका साना नगरहरूमा जानु अर्को कष्टपूर्ण काम थियो । त्यहाँ को आयो, को गयो भनी सजिलै थाहा पाउन सकिन्थ्यो । त्यसमा पनि संसद् सदस्यको आगमन महत्त्वपूर्ण घटना हुने भयो । यसले गर्दा गोप्यता राख्न सजिलो थिएन । तैपनि हाम्रो संसदीय समूहका सदस्यहरूले प्रान्तहरूमा कडा मिहिनेत गर्थे र त्यहाँका स्थानीय कानुनी र गैरकानुनी सङ्गठनको गतिविधिलाई सुदृढ पार्थे । मजदुर सांसदहरूको भ्रमणका कारण प्राय: हडतालको आह्वान गरिन्थ्यो, नयाँ पार्टी समिति गठन हुन्थ्यो, 'प्राभ्दा' को ग्राहक सङ्ख्या बढ्थ्यो र सामान्यतया क्रान्तिकारी गतिविधि चर्किन्थ्यो ।

सन् १९१३ को जनवरीमा प्रान्तको पहिलो भ्रमणबाट फर्केपछि मजदुर सांसदहरूले मजदुरहरूबिच क्रान्तिकारी भावनामा ठूलो उभार आएको बताए । अघिल्ला वर्षहरूमा जस्तो निराशाको माहोल अब हराइसकेको थियो । मजदुरवर्गमा सङ्घर्ष गर्ने मनोबल, साङ्गठनिक गतिविधि गर्ने हुटहुटी र देशको राजनीतिक जीवनमा जीवन्त रुचि बढेको थियो ।

हाम्रो संसदीय समितिका कामरेडहरूले ठूला वैधानिक सभाहरूमा आआफ्नो भ्रमण प्रतिवेदन दिन पाएनन् । यस्ता सभामाथि गभर्नरले बन्देज लगाएका थिए । यसको लागि उनीहरूले गैरकानुनी बाटो लिनुपर्‍यो । प्रहरीको अनुमति नलिई कारखानाहरूमा ससाना बैठक डाकेर उनीहरूले अवैध तरिकाले आफ्ना रिपोर्टहरू सुनाए ।

समग्रमा संसद्को पहिलो महिनाभरि हामीले गरेको कामलाई मजदुरहरूले स्वागत गरे । मजदुरवर्गका 'सक्कली' माग राखी आफ्नो नीति उद्घोष गरेकोमा उनीहरूले सन्तुष्टि जनाए । पहिलो प्रश्नोत्तरमा हामीले दिएको मन्तव्यलाई मजदुर मतदाताले अनुमोदन गरे । मजदुरहरूले संसद्को विषयमा कैयन् प्रश्न गरे । उनीहरू संसद्को कामकारबाहीमा निकै चासो लिए । उनीहरूले कालासय 'राजभक्त' हरूको शत्रु शिविरबारे पनि जिज्ञासा राखे । तीमध्ये पनि पुरिश्केभिच र मार्कोभजस्ता दक्षिणपन्थीहरूले विशेष कुख्याति कमाएको पाइयो ।

संसद्प्रतिको मजदुरहरूको धारणा एकदम प्रस्ट थियो । त्यहाँबाट आफ्नो जीवनमा केही सुधार होला भन्ने अपेक्षा नै थिएन । लगातार क्रान्तिकारी सङ्घर्ष गरेर मात्र सर्वहारा जनताले राहत पाउन सक्छन् भन्ने मजदुरहरूले बुझिसकेका थिए । निर्वाचन क्षेत्र भ्रमणको बेला बोल्शेभिक सांसदहरूले क्राको सम्मेलनले लिएका निर्णय सही थिए भन्ने आँखैले देखे । पार्टी एकताबारे मेन्शेभिकहरूको धारणा कति गलत रहेछ भनेर बुझे । मेन्शेभिकहरूको विध्वंसकारी विचारलाई मूलत: बुद्धिजीवी प्रचारकहरूले समर्थन गर्थे । तर, मजदुरहरूका लागि ती विचार बिराना थिए । धेरै जिल्लामा तिनको विचार पुगेकै थिएन । फलत: धेरै सामाजिक जनवादी समूहमा 'प्राभ्दा' र 'लुच' मा छेडिने निर्मम वादविवाद धेरैले बुझ्दैनथे । यसकारण, पार्टी एकताको लागि माथिल्ला नेताहरूबिच कूटनीतिक सम्झौता गरेर पुग्दैनथ्यो । बरु त्यसमा भूमिगत गतिविधि गरिरहेका स्थानीय पार्टी सङ्गठनका सदस्यहरू नै लाग्नुपर्थ्यो र (मेन्शेभिकहरूले) त्यस्ता गतिविधिको खोइरो खन्न गर्नुपर्थ्यो । यसरी मात्र पार्टी एकताको विचारले मूर्त रूप लिन सक्थ्यो । तल्लो तहको भ्रमणबाट बनेको यो विचार पार्टीको क्राको सम्मेलनले तय गरेको नीतिसँग ठ्याम्मै मिल्थ्यो ।



## खण्ड २

## सेन्ट पिटर्सबर्गमा सन् १९१३ मा भएको मजदुर आन्दोलन

### पाठ ७

### ओख्ता विस्फोट

सन् १९१३ को आरम्भ । ओख्ता पाउडर उद्योगमा विस्फोट । विस्फोटको कारण । सदनमा प्रश्नोत्तर । युद्धमन्त्रीको जवाफलाई जवाफ ।

सेन्ट पिटर्सबर्गका सर्वहाराले आँधीमय माहोलमा सन् १९१३ को नववर्ष मनाए । संसद्मा सामाजिक जनवादी समूहको पहिलो प्रश्नोत्तरसँगै सुरु भएको पछिल्लो हडताल र जुलुस प्रदर्शन एउटा आँधीभन्दा कम थिएन । म्याक्सवेलका कारखानाहरूमा काम गर्ने मजदुरहरू १५ दिनको तालाबन्दीपछि काममा फर्के । तालाबन्दीको बेला उनीहरूलाई सेन्ट पिटर्सबर्गका सम्पूर्ण मजदुरले सघाएका थिए ।

नयाँ वर्षको पहिलो राजनीतिक हडताल जनवरी ९ गते भयो । हडतालमा सेन्ट पिटर्सबर्गका मजदुरहरूले उर्लिंदो उत्साहले समर्थन जनाए । 'आइतबारे हत्याकाण्ड' को सम्झनामा ८० हजार मजदुरहरूले कामबन्दी गरे । अघिल्लो दिन नै जुलुस प्रदर्शन हुन सक्ने अनुमान गरी पूरै प्रहरी बल परिचालन गरियो । मजदुरहरू बस्ने सुकुमबासी बस्तीहरूमा धेरैलाई पक्राउ गरियो । पैदल र घोडचढी प्रहरीले सबै पुलपुलेसा र सहर पस्ने नाकाहरूमा कडा पहरा दिए । सहरका बन्द ढोकापछाडि जगेडा प्रहरीलाई लुकाएर राखियो । नेभ्स्की सडकमा देखिएको सानो मजदुर समूहलाई प्रहरीले जबरजस्ती सडकपेटीमा हिँड्न लगायो ।

एकाबिहानै काममा गएका सेन्ट पिटर्सबर्गका सानाठुला सबै कारखानाका मजदुरहरू तुरुन्तै काम छोडेर निस्के र क्रान्तिकारी गीत गाउँदै सडकमा ओर्ले । भिबोर्ग, नेभालगायत केही जिल्लामा काला धारी भएका राता झन्डा बोकेर मजदुरहरू सडकमा आए ।

बिहानैदेखि मजदुरहरूको लस्कर प्रेओब्राजेन्स्की समाधितर्फ लाग्यो । त्यहाँ जनवरी ९ (सन् १९०५) का सहिदहरूलाई गाडिएको थियो । दिनैभरि समाधिमा प्रहरीको बलियो पालोपहरा थियो । दिनभरि उनीहरूले त्यहाँ आउने मजदुरहरूलाई हटाइरहे ।

त्यही दिन धेरै कारखानाहरूमा बैठक भयो । जनवरी ९ का मृतकहरूको स्मृतिमा स्मारक निर्माण गर्न र प्रहरीले सजाय दिएका मजदुरहरूलाई सघाउन चन्दा सङ्कलन गरियो । केही कारखानाहरूमा एक दिनको ज्याला जम्मा गर्ने र हाम्रो संसदीय समूहलाई पठाउने निर्णय गरियो । बैठकमा मजदुरवर्गका नागरिक अधिकार, वाक स्वतन्त्रता, सङ्गठनको हक, प्रेस स्वतन्त्रतालगायत राजनीतिक माग झल्किने प्रस्तावहरू पारित गरियो र हाम्रो समूहलाई पठाइयो । आन्दोलनलाई एकताबद्ध पार्न विभिन्न सुझाव राखियो । साथै, तथाकथित '५२ ठाउँ' विरुद्ध प्रस्ताव पारित गरियो । सरकारले राजनीतिक निर्वासनमा गएकाहरूलाई यी ५२ स्थानमा पस्न प्रतिबन्ध लगाएको थियो । त्यस्तै, बीमा आयोगमा मजदुरहरूलाई प्रतिनिधि चुन्ने अधिकार नदिएर सरकार आफैले प्रतिनिधि नियुक्त गरेको र ट्रेड युनियनमाथि गरिएको कारबाही आदिको विरोधमा प्रस्ताव पारित गरियो ।

जनवरी ९ को दिन हडताल र प्रदर्शनले मजदुरवर्गको सङ्घर्ष माथि चढ्दो अवस्थामा छ भन्ने देखायो । सेन्ट पिटर्सबर्गका मजदुरहरूबिच क्रान्तिकारी भावना महिनैपिच्छे बढ्दै थियो । रुसभरि नै यही स्थिति थियो ।

यही माहोलबिच जनवरी २१ गते चौथो राज्य संसद् खुल्यो । जमिनदार र राजावादी सांसदहरू आफ्नो विधायकी काम सुरु गर्न कुनै हतारो थिएन । पहिलो बैठकमा तिनीहरूमध्ये थोरै सांसद मात्र उपस्थित भए । निर्वाचनहरूको अनुमोदनको पुरानो लेठोबाट संसद्को यो सत्र अल्छी पारामा सुरु भयो । हाम्रो समूहले नयाँ प्रश्नोत्तरको प्रस्ताव राखेपछि मात्र संसद्मा प्राण भरियो । हामीले ओख्ता पाउडर उद्योगमा भएको विस्फोट, राजनीतिक बन्दीहरूलाई दिइएको यातना र कपडा कारखानामा भएको तालाबन्दीबारे सदनमा प्रश्न उठायौँ ।

ओख्ता कारखानामा युद्ध मन्त्रालयले विष्फोटक पदार्थ उत्पादन गर्थ्यो । डिसेम्बरको अन्त्यतिर त्यहाँ विस्फोट भएको थियो । दिउँसोपख भएको त्यो विस्फोटको खबर साँझपख सहरभरि फैलिसकेको थियो । विस्फोटमा थुप्रै मानिस घाइते भएका थिए ।

पाँच जनाको मृत्यु भएको थियो । तिनको लास पछि मात्र पत्ता लागेको थियो । कतिपय लास चिन्नै नसकिने गरी डढेका थिए । एकजना मजदुरको शरीर उनको लुगाको झुत्रो हेरेर सनाखत गरिएको थियो । पचास जना गम्भीर घाइते भएका थिए । घाइते हुनेहरूमा धेरै महिला थिए किनभने विस्फोट भएको पाइप ज्यासलमा मूलत: महिलाहरूले काम गर्थे ।

विष्फोटका कारण उद्योगमा भागाभाग मच्चिएको थियो । संयोगले धेरै मान्छे विस्फोटमा पर्नबाट जोगिए । पीडितका लागि कुनै डाक्टरी सुविधा थिएन । एक घण्टापछि डाक्टर आए । तर, उनले केही गर्न सकेनन् ।

भोलिपल्ट विस्फोटको आकार र कारण बुझ्न म त्यो कारखाना गएँ । त्यहाँ खटिएको सरकारी अधिकारीले मलाई विष्फोट भएको स्थानलाई अनुमतिपत्र दिन मानेन । म कारखाना प्रमुख जर्नेल सोमोभकहाँ गएँ । उनले पनि अनुमतिपत्र तोपखानाले मात्र दिन्छ भन्दै मलाई भित्र जानबाट रोके । उद्योग प्रशासन हामीसँग डरायो । सांसदहरू उद्योगभित्र पसे सत्यतथ्य थाहा पाउँछन् भनेर उनीहरूले मलाई भित्र पस्नबाट रोके ।

जर्नेल सोमोभले भनेअनुसार त्यो विष्फोट सामान्य दुर्घटना मात्र थियो । उनले भने, "यस्ता दुर्घटना भइरहन्छन् । सकेपछि पनि भइरहनेछन् । म आफै पनि ईश्वरलाई नपुकारी कारखानाभित्र पस्दिन ।" उद्योग प्रशासनले यस्तो अति जोखिमपूर्ण उद्योगमा 'ईश्वर पुकार्ने' बाहेक दुर्घटनाबाट मजदुरहरूको जीवन जोगाउन अर्को उपाय नअपनाएको देखियो ।

म घटनास्थल पुग्न सकिन । तर, झट्ट हेर्दा ठूलो क्षति भएको पाएँ ।

मैले घटनाबारे धेरै मजदुरहरूसँग सोधपुछ गरेँ । उनीहरू आत्तिएका थिए । कतिपयको नसा बाउँडिएको थियो । उनीहरू कुनै पनि बेला अर्को विस्फोट हुनसक्ने डरले त्राहीमाम थिए । बिहान घरबाट काममा निस्किँदा कतिपय मजदुरले मृत्युको सामना गर्न गइरहेको महसुस गरेर चिसो भित्री लुगा लगाएका थिए । मजदुरहरूले मसँग विस्फोटका कारणहरूबारे विस्तृत छानबिन गराउन भने । युद्ध मन्त्रालयसँग कामकाजी अवस्था र सुरक्षा उपायमा सुधार गर्न माग गर्नुपर्ने बताए । तत्कालै पीडित र तिनका जहान परिवारलाई सहयोगको प्रबन्ध मिलाउन भने ।

-क्रमश:






चीनको राजधानी पेइचिङस्थित ग्रेट हल द अफ पिपलमा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिद्वारा आयोजित भूतपूर्व प्रखर नेता हु यावबाङको ११० औँ जन्मजयन्ती मनाउन आयोजित विचार गोष्ठीमा सम्बोधन गर्दै चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव एवं चिनियाँ राष्ट्रपति सी चिनफिङ नोभेम्बर २०, २०२५ का दिन । नेता हु यावबाङ १९८० देखि १९८२ सम्म चिकपाको अध्यक्ष तथा १९८२ देखि १९८७ सम्म महासचिव पदमा रहनुभएको थियो ।

*तस्बिर : सिन्हवा/ छि हुआन्ची*

# गाजामा ४० हजार बालबालिकालाई खोप दिने डब्लुएचओको लक्ष्य

जेनेभा, ४ मङ्सिर (एएफपी) । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले गाजापट्टीमा हाल कायम रहेको युद्धविरामको अवसर उपयोग गर्दै ४० हजारभन्दा बढी बालबालिकालाई विभिन्न सङ्क्रामक रोगविरुद्ध खोप दिने महत्त्वाकांक्षी लक्ष्य राखेको छ । सङ्गठनका उच्चाधिकारीहरूले यस अभियानले गाजाको गम्भीर रूपमा कमजोर बनेको स्वास्थ्य प्रणालीलाई राहत पुग्ने अपेक्षा व्यक्त गरेका छन् ।

डब्लुएचओ र यसका साझेदार संस्थाहरूले नोभेम्बर ९ देखि सुरु गरिएको खोप अभियानको प्रारम्भिक चरणमा पहिलो आठ दिनभित्र तीन वर्षमुनिका १० हजारभन्दा बढी बालबालिकालाई खोप दिन सफल भएको जानकारी दिए । डब्लुएचओका महानिर्देशक टेड्रोस एड्हानोम गेब्रेयसस्का अनुसार अभियानको पहिलो चरण शनिबारसम्म विस्तार गरिएको छ र यसमार्फत बालबालिकालाई दादुरा, गलफुलो, रुबेला, डिप्थेरिया, टिटानस, लहरे खोकी, हेपाटाइटिस बी, क्षयरोग, पोलियो, रोटाभाइरस तथा निमोनियाजस्ता गम्भीर रोगहरूबाट जोगाउने लक्ष्य राखिएको छ ।

अभियानको दोस्रो र तेस्रो चरण क्रमश: डिसेम्बर र जनवरी महिनामा सञ्चालन हुने तय गरिएको छ । यी अभियानलाई युनिसेफ, संयुक्त राष्ट्र शरणार्थी सहायता संस्था (युएनआरडब्लुए) तथा हमासको नियन्त्रणमा रहेको गाजाको स्वास्थ्य मन्त्रालयसँगको सहकार्यमा अघि बढाइनेछ ।

महानिर्देशक गेब्रेयससले युद्धविरामले निरन्तरता पाइरहेको देखेर आफू प्रोत्साहित भएको बताउँदै यसले डब्लुएचओ तथा साझेदारहरूलाई गाजामा आवश्यक स्वास्थ्य सेवा विस्तार गर्न तथा ध्वस्त भइसकेको स्वास्थ्य पूर्वाधारको पुन:उपकरण र पुनर्निर्माणमा सहयोग पुऱ्याउन सहज भएको उल्लेख गर्नुभयो ।

यसैबिच संयुक्त राष्ट्र सुरक्षा परिषद्ले सोमबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा प्रस्तावित योजनालाई समर्थन जनाउँदै मतदान गरेको थियो । सो योजनाले इजरायल र हमासबिच गत अक्टोबर १० मा लागु भएको युद्धविराम कायम राख्न सघाएको बताइन्छ ।

सन् २०२३ अक्टोबर ७ मा हमासद्वारा इजरायलमा गराइएको रक्तपातपूर्ण आक्रमणपछि सुरु भएको दुई वर्षभन्दा लामो शत्रुताले गाजालाई अत्यन्त क्षतिग्रस्त बनाएको छ । उक्त आक्रमणमा एएफपीद्वारा सङ्कलित आधिकारिक तथ्याङ्कअनुसार एक हजार २२१ जना इजरायली नागरिकको मृत्यु भएको थियो, जसमा अधिकांश सामान्य नागरिक थिए ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली आक्रमणको प्रतिक्रियामा हालसम्म ६९ हजार ५०० भन्दा बढी प्यालेस्टिनी नागरिकले ज्यान गुमाएका छन् । मन्त्रालयले मृतकमध्ये कति लडाकू थिए भन्ने खुलाएको छैन, तर आधाभन्दा बढी मृत्यु हुनेहरू महिला र बालबालिका रहेको सङ्केत गरेको छ । संयुक्त राष्ट्रसङ्घले यी तथ्याङ्कलाई भरपर्दो मानिएको जनाएको छ ।

# चुनावअघि बङ्गलादेश प्रहरीद्वारा नयाँ वर्दी सार्वजनिक, जनविश्वास पुनर्निर्माणको प्रयास

ढाका, ४ मङ्सिर (एएफपी) । सामूहिक विद्रोहपछिको पहिलो राष्ट्रिय चुनाव केही हप्तामै नजिकिँदै गर्दा बङ्गलादेश प्रहरीले गहिरो रूपमा क्षतिग्रस्त भइसकेको जनविश्वास पुनर्निर्माण गर्ने आशामा नयाँ वर्दी अनावरण गर्दै सुधारको सङ्केत दिएको छ ।

सन् २०२४ मा पूर्व प्रधानमन्त्री शेख हसिनाको निरङ्कुश सरकार पतन भएपछि उत्पन्न उथलपुथलमा कम्तीमा एक हजार ४०० जनाको मृत्यु भएको थियो भने हजारौँ घाइते भएका थिए । तीमध्ये धेरैजना पुलिसको गोलीले ज्यान गुमाएका थिए ।

"बङ्गलादेश प्रहरीले अभूतपूर्व सङ्कटको सामना गरिरहेको छ", प्रहरी प्रवक्ता सहादत हुसेनले भन्नुभयो, "नयाँ वर्दीले केही सकारात्मक परिवर्तन ल्याउन सक्छ भन्ने नीति निर्माताहरूले सुझाव दिनुभयो ।" लामो समयदेखि फिरोजा र निलो रङमा परिचित वर्दी अहिले फलाम-खैरो सर्ट र चकलेट-खैरो ट्राउजरमा रूपान्तरित गरिएको छ ।

तर बिग्रिएको प्रतिष्ठालाई केवल वर्दीले सुधार्न सकिन्छ कि सकिँदैन भन्नेबारे धेरैमा गहिरो शङ्का रहिरहेकै छ । ४८ वर्षीया नजमा अख्तर भन्नुहुन्छ, "जब म कुनै प्रहरी देख्छु, मलाई उनको मासु काटिदिउँजस्तो लाग्छ । मलाई थाहा छैन, यो घृणाबाट म कहिले मुक्त हुन्छु ।"

उहाँको १७ वर्षीय छोरा गुलाम नाफिज विद्रोहको क्रममा ज्यान गुमाएका थिए । उहाँका छोरालाई गोली हानिएको थियो, अस्पताल प्रवेश रोकियो र अन्तत: सन् २०२४ अगस्ट ४ मा अत्यधिक रक्तस्रावका कारण उनको मृत्यु भयो । "नयाँ वर्दीले तिनीहरूको मनोवृत्ति कसरी परिवर्तन गर्छ ?" उहाँ भन्नुहुन्छ, "मैले प्रहरी अधिकारीहरूले तलब वृद्धिको माग गर्ने शिक्षकहरूलाई समेत कुटेको देखेँ ।"

सत्र करोड जनसङ्ख्या भएको बङ्गलादेशमा सन् २०२६ फेब्रुअरीमा चुनाव हुने अपेक्षा गरिएको छ । यस्तो अवस्थामा सुरक्षा निकाय शान्तिपूर्ण चुनाव सुनिश्चित गर्न अत्यन्त महत्त्वपूर्ण साबित हुनेछन् । तर देशको सुरक्षा संयन्त्र अझै स्थिर हुन नसकेको देखिन्छ ।

यसैबिच पूर्वप्रधानमन्त्री शेख हसिनालाई प्रदर्शनकारीहरूमाथि घातक बल प्रयोग गर्न सुरक्षा निकायलाई निर्देशन दिएको आरोपमा सोमबार ढाकास्थित अदालतले मृत्युदण्डको सजाय सुनाएको छ । हसिनाले सेनालाई विरोध दबाउन आदेश दिएको भए पनि सेनाले अस्वीकार गरेपछि सत्तामा बसिरहने उहाँको प्रयास विफल भएको थियो । उहाँको सत्ता पतन भएपछि फैलिएको अराजकतामा तोडफोड र आगजनीका घटनाले करिब ६०० मध्ये ४५० प्रहरी चौकी लक्षित गरिएको सरकारी अधिकारीहरूले बताएका छन् ।

"अघिल्लो सरकारले सत्ता छोडेपछि प्रहरी चौकीहरू त्यागिए र अहिले प्रहरी बल फेरि उभिन सङ्घर्ष गरिरहेको छ", प्रवक्ता होसेनले भन्नुभयो ।

विभिन्न अनुसन्धानकर्ताहरूले विद्रोहका दिनमा प्रहरीद्वारा गरिएका व्यापक क्रूरताका प्रमाणहरू सङ्कलन गरेका छन् । यसै क्रममा नि:शस्त्र किशोर विद्यार्थी आशिकुर रहमान हृदोयलाई 'प्रहरीका दुई समूहबिच स्यान्डविच बनाइँदै बिन्दु-खाली दायराबाट गोली हानेको' घटना पनि उजागर भएको टेक ग्लोबल इन्स्टिच्युटकी नीति विश्लेषक फौजिया अफरोजले बताउनुभयो ।

करिब एक हजार ५०० प्रहरी अधिकारी अहिले आपराधिक अभियोगको सामना गरिरहेका छन् । तीमध्ये अत्यन्त धेरैमाथि हत्या अभियोग छ र दर्जनौँ अधिकारी हिरासतमा छन् । हसिनाकै मुद्दासँग मिल्दोजुल्दो आरोपमा दोषी ठहरिएका पूर्व प्रहरी प्रमुखलाई पाँच वर्षको कैद सजाय सुनाइएको छ । साथै हत्या अभियोगमा खोजी भइरहेका करिब ५५ वरिष्ठ अधिकारी भारत भागेको प्रहरी स्रोतले जानकारी दिएको छ ।

तर सेवारत अधिकारीहरूको पीडा पनि कम छैन । अशान्तिका क्रममा ४४ जना प्रहरी अधिकारी मारिएका छन्, तर अन्तरिम सरकारले प्रदर्शनकारीहरूलाई 'कानुनी उन्मुक्ति' दिन सहमति जनाएकोमा उनीहरू रोष प्रकट गर्छन् । हसिना भागेपछि उत्पन्न अराजकतामा आफ्ना पति प्रहरी निरीक्षकलाई भीडले पिटेर हत्या गरेको दृश्य अवलोकन गरेकी सुल्ताना रजियाले दु:ख व्यक्त गर्दै भन्नुभयो, "उहाँको यस्तो अन्त्य हुनु हुँदैन थियो ।"

नाम नखुलाउने सर्तमा एक मध्यम-स्तरका अधिकारीले भने, "प्रहरी पनि मानिस नै हुन् ।"

नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा बनेको अन्तरिम सरकारले प्रहरी सुधार आयोग गठन गरेको भए पनि प्रगति सुस्तै छ । अत्यधिक बल प्रयोगका आरोप जारी छन् र जनविश्वास यति कमजोर बनेको छ कि धेरै क्षेत्रमा भीडले आफ्नै हातले न्याय गरिरहेको पाइन्छ, जसमा अपहरणदेखि कुटपिट र हत्या सम्मका घटनाहरू बढेका छन् ।

## विश्व सङ्क्षेप

# अफगानिस्तानमा डेङ्गुको उच्च जोखिम: डब्ल्यूएचओ

काबुल(अफगानिस्तान), ४मङ्सिर (एएनआई) । विश्व स्वास्थ्य सङ्गठन ( डब्ल्यूएचओ) ले पूर्वी अफगानिस्तानमा डेङ्गुको उच्च जोखिम रहनुका साथै डेङ्गु सङ्क्रमितहरूको सङ्ख्या उल्लेखनीय रूपमा वृद्धि भएको रिपोर्ट गरेको छ । नोभेम्बरमा मात्र एक हजारभन्दा बढी डेङ्गुका घटनाहरू रेकर्ड गरिएको द खामा प्रेसले रिपोर्ट गरेको छ ।

विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदन अनुसार तुलनात्मक रूपमा गत महिनादेखि नङ्गरहार प्रान्तमा डेङ्गुका घटनाहरूको सङ्ख्या उल्लेखनीय रूपमा बढेको छ ।

यसैबिच, पन्जाबका विभिन्न क्षेत्रमा डेङ्गुको उच्च जेखिम रहको छ भने मुल्तान र फैसलाबादले सबै भन्दा चिन्ताजनक अवस्थाको सामना गरिरहेको बताइएको छ ।

दक्षिण पन्जाबका चिकित्सा कार्यकर्ताहरूले पछिल्लो हप्ताहरूमा डेङ्गुका बिरामीहरूको सङ्ख्या लगभग दस गुणा बढेको पुष्टि गरेका छन् ।

मुलतानका प्रमुख सरकारी अस्पतालहरूमा डेङ्गुका कारण कयौँ बिरामीको मृत्यु भएको चिकित्सक र वरिष्ठ जनस्वास्थ्य विज्ञहरूले बताएका छन् ।

# कम्बोडियामा बस नदीमा खस्दा १३ जनाको मृत्यु

नोमपेन(कम्बेडिया), ४मङसिर (सिन्हवा) । मध्य कम्बोडियाको कम्पोङ थोम प्रान्तमा बिहीबार एउटा बस पुलमा ठोक्किएर नदीमा खस्दा १३ जनाको मृत्यु हुनुका साथै २४ जना घाइते भएको स्थानीय प्रहरी अधिकारीहरूले बताएका छन् ।

सान्टुक जिल्लामा स्थानीय समय अनुसार बिहान करिब ३:०० मा उक्त दुर्घटना भएको सान्टुक जिल्लाका उप प्रहरी प्रमुख सिव सोभन्नाले बताउनुभएको छ । दुर्घटनाको लगत्तै घाइते तथा मृतकहरूलाई अस्पताल लगिएको जनाउदै उहाँले सबै पीडितहरू कम्बोडियाका भएको उल्लेख गर्नुभएको छ ।

सरकारी प्रतिवेदन अनुसार सन् २०२५ को पहिलो नौ महिनामा सडक दुर्घटनाका कारण कम्बेडियामा एक हजार ६२ जनाको मृत्यु भएको थियो भने दुई हजार २५६ जना घाइते भएका थिए ।

# पाकिस्तान र इराकको जेलबाट ५६० जना अफगान कैदी जेलमुक्त भई स्वदेश फिर्ता

काबुल, ४ मङ्सिर (सिन्हवा) । गत हप्ता मात्र पाकिस्तान र इराकका जेलमा बन्दी बनाइएका ५६५ जना अफगान नागरिकहरू जेल मुक्त भई अफगानिस्तान फर्केको शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयले बिहीबार घोषणा गरेको छ । रिहा गरिएकामध्ये दुई महिनासम्म पाकिस्तानी जेलमा रहेका ५१७ जना अफगान कैदीहरू दक्षिणी कान्दाहार प्रान्तको स्पिन बोल्डक सिमा हुँदै घर फर्केको जनाइएको छ । इराकमा छदेखि नौ महिना कैदमा रहेका थप ४८ जना अफगानीलाई पश्चिमी निमरोज प्रान्तको पुल-ए-अब्रेसम सीमाबाट स्वदेश फिर्ता गरिएको मन्त्रालयले विज्ञप्तिमा उल्लेख गर गत जुलाईमा सार्वजनिक परराष्ट्र मन्त्रालयको पछिल्लो तथ्याङ्क अनुसार दश हजारभन्दा बढी अफगान नागरिकहरू विदेशमा, बन्दी बनाइएका छन् भने तिनीहरूमध्ये अधिकाशं इरान र पाकिस्तानमा रहेका थिए ।

# पाकिस्तानी सेनाको कारबाहीमा अफगान सीमा क्षेत्रमा २३ आतङ्ककारीको मृत्यु

इस्लामाबाद (पाकिस्तान), ४मङ्सिर (एएफपी) । पाकिस्तानी सेनाले अफगान सीमा क्षेत्रमा गरेको दुई वटा आतङ्कारी लक्षित कारबाहीमा २३ जना आतङ्ककारीहरूको मृत्यु भएको जनाएको छ ।

आतङ्कवादीहरू पाकिस्तानी तालिबान वा यसका सम्बद्ध समूहहरूका भएको सेनाले विज्ञप्तिमा मार्फत जनाएको छ ।

"पाकिस्तानले देशबाट विदेशी प्रायोजित र समर्थित आतङ्कवादको खतरा हटाउन सम्पूर्ण प्रयास जारी राख्नेसमेत विज्ञप्तिमा उल्लेख गरिएको छ ।

इस्लामावादले नियमित रूपमा काबुललाई आतङ्कवादी समूहहरू, पाकिस्तानमा घातक आक्रमण गर्ने तेहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) लाई शरण दिएको आरोप लगाउँदै आइरहेको छ ।

पाकिस्तानले पछिल्लो समयमा भारतले पनि आतङ्कवादी समूहहरूलाई समर्थन गरेको दाबी गर्दै आएको छ भने दुवै छिमेकीले कुनै पनि आतङ्कवादी संलग्नतालाई अस्वीकार गरेका छन् ।

पाकिस्तानले अफगानिस्तानबाट योजना बनाएको भन्दै गत हप्ता इस्लामाबादको अदालत बाहिर भएको आत्मघाती बम विस्फोटमा १२ जनाको मृत्यु तथा दर्जनौँ घाइते भएपछि छापा मारेको जनाइएको छ ।

यद्दपी आक्रमणको जिम्मेवारी भने पाकिस्तानी तालिबानको एउटा समूहले लिएको छ ।

पछिल्लो समयमा पाकिस्तान र अफगानिस्तानबिचको सम्बन्ध चिसिएको छ भने गत महिना सीमापार झडपले खराब लडाइँ निम्त्याएको थियो । एक हप्तासम्म चलेको द्वन्द्वमा दुवै पक्षका ७० जना भन्दा बढी मानिस मारिएका छन् । हाल दुई देशका आपसी सीमाहरू बन्द भएका छन् ।

अन्तत: दुई दक्षिण एसियाली छिमेकीहरू युद्धविराममा सहमत भए पनि सर्तहरू पालना गर्नमा आएका गतिरोधका लागि एक-अर्कालाई दोषारोपण गर्दै आएका छन् ।

# मोटोपनले अस्वस्थ महिला


डा अरुणा उप्रेती

अस्पतालमा नेपाली महिलाहरूको पेट, कलेजोको जाँच गर्दा ५७ प्रतिशत महिलाको कलेजोमा बोसो जमेपछि भविष्यमा स्वास्थ्यको समस्या आउन सक्ने सम्भावना हुन्छ । अहिले नेपालमा प्राय: मानिसहरूले मुटुको रोग, मिर्गौला, मधुमेह, क्यान्सर आदिको बारेमा सुनेका छन् । 'मुटुको स्वास्थ्य राम्रो राख्न के खानुपर्छ, कस्तो व्यायाम गर्नुपर्छ' भनेर छलफल पनि भइरहन्छ तर, कलेजो अस्वस्थ भयो भने कसरी समस्या पर्न सक्छन्, कलेजो स्वस्थ पार्न कस्ता खानेकुरा खाने भन्नेबारे पनि त्यति छलफल हुँदैन ।

कलेजो शरीरको यस्तो कारखाना हो, जसले शरीरको विषालु तत्वलाई बाहिर लैजाने काम गर्छ । शरीरभित्रको सबभन्दा ठुलो अङ्ग हो कलेजो, तर धेरै बेवास्ता गरिएको छ । यदि कलेजो अस्वस्थ भयो भने शरीरभित्रका विषालु तत्त्व बाहिर निस्कन पाउँदैन । अनि शरीरभित्र अनेक समस्या सुरु हुन्छ ।

नेपाली महिलाहरूको अहिले सरदर आयु ७२ वर्ष रहेको सरकारको पछिल्लो तथ्याङ्कले देखाएको छ । नेपाली महिलाको सरदर आयु यति वर्ष हुनु जनस्वास्थ्यको दृष्टिकोणले सफलता मान्न सकिन्छ । तर अर्कोतिर उनीहरू अस्वस्थ बन्दै छन् । पछिल्लो सरकारी तथ्याङ्कले के देखाउँछ भने ३५ प्रतिशत नेपाली महिला मोटोपनको शिकार भएका छन् । त्यस्ता महिलाहरू प्राय: नेपालका ठुलो सहरहरूमा रहेका छन् । खासगरी धनी परिवारका ५३ प्रतिशत र गरिब परिवारका २० प्रतिशत महिलामा यो समस्या देखिएको छ । गाउँघरका गरिब महिलाहरूको कार्यबोझ, धेरै रहे पनि अहिले पत्रु खाना धेरै खाने भएकाले उनीहरूमा पनि मोटोपनको समस्या देखिन थालेको छ ।

ठुला सहरका महिलाहरू व्यापार, सरकारी र गैरसरकारी संस्था, सेवाप्रदायक (अस्पताल, होटेल, शिक्षक, घरको काम) आदि काम गर्छन् । एक प्रकारले नेपाली महिलाले देशको आर्थिक विकासमा ठुलो टेवा पुऱ्याएका छन् । त्यसले हाम्रो समाजमा धेरै परिवर्तन भइसकेको छ भन्ने पनि देखाउँछ तर यसरी महिलाहरू देश र समाजमा विकासको काममा व्यस्त हुँदा उनीहरूको स्वास्थ्यमा मोटोपनले गर्दा भविष्यमा ठुलै स्वास्थ्य समस्या आउने सम्भावना देखाएको छ । पैतीस प्रतिशत नेपाली महिला मोटोपनको शिकार हुनु र अस्पतालमा जाँच गर्न आएका ५७ प्रतिशत महिलाको कलेजोमा बोसो जमेको देखिनुले नेपाली महिलाको खराब स्वास्थ भन्ने कुरा इङ्गित गर्छ । कोही अति प्रिय व्यक्तिलाई 'मेरो आँखाको नानी, मुटुको टुक्रा, कलेजोको टुक्रा' भन्ने चलन नै छ । कति महत्त्व रहेछ त मुटु र कलेजोको । तर त्यही कलेजो र मुटु मोटोपनले बिग्रने के समस्याप्रति कमैको ध्यान गएको देखिन्छ ।

आर्थिक रूपमा सबल महिलाहरू मात्र होइन, कतिपय ठाउँमा आर्थिक रूपमा असक्षम महिलाको पनि कलेजोमा समस्या पर्न सक्छ । "कलेजोमा बोसो जम्नुको प्रमुख कारणमध्ये मोटोपन, भोजन, शारीरिक रूपमा धेरै सक्रिय नहुने, विभिन्न किसिमका औषधि पनि हुन सक्छ", भारतका प्रसिद्ध कलेजोविज्ञ डा. एस. के. सरिन भन्नुहुन्छ, "जसरी मुटु खराब हुँदा अनेक समस्या पर्छ त्यसैगरी कलेजोको स्वास्थ्यले सम्पूर्ण स्वास्थ्यको झलक देखाएको हुन्छ ।" उहाँले कलेजो स्वस्थ राख्न के गर्न सकिन्छ भनेर लेख्नुभएको आफ्नो किताबमा पहिलेपहिले ग्रिक समुदायमा मुटु, फोक्सो होइन, कलेजो शरीरको एक अति महत्त्वपूर्ण अङ्ग भनेर त्यसलाई पूजासमेत गर्ने चलनबारे उल्लेख छ । सो किताबमा पनि कसरी 'मोटोपन' ले गर्दा मुटुमा मात्र समस्या पर्ने होइन, कलेजोमा पनि समस्या पर्छ भनिएको छ । जब शरीरको विषालु तत्त्व निष्कासन गर्ने कारखानामा नै समस्या पर्छ, यसले मधुमेहको समस्या पर्नसक्छ भन्ने कुरा स्पष्ट हुन्छ ।

डा. सरिनको अनुभवले भन्छ- महिलाहरू र पुरुषको कमर यदि क्रमश: ३५ सेमी, ३८ सेमीभन्दा बढी छ भने त्यस्ता व्यक्तिहरूको कलेजोमा समस्या हुनसक्ने सम्भावना एकदम बढी हुन्छ" । कलेजोमा बोसो जम्ने प्रमुख कारण 'रक्सी' हो । तर रक्सी नखाने व्यक्तिहरूमा पनि कलेजोमा बोसो जम्ने समस्या देखिन्छ । यसको प्रमुख कारण नै पत्रु खाना, धेरै गुलियो, चिल्लो, तारेको खाना हो । कलेजो र मधुमेहको बिचको सम्बन्धलाई लिएर धेरै अनुसन्धान भएको छ ।

डा. रबर्ट लस्टिग नामक अमेरिकन बालरोग विज्ञले पनि आफ्नो किताब मेटाबोलिकलमा लेख्नुभएको छ- शरीरमा चिनीको मात्रा धेरै हुँदा मुसा र मानिसमा डिप्रेसन" (मानसिक अस्वस्थता) भएको देखाएको छ । चीन र युरोपमा गरिएको अनुसन्धानले साबित गरेको छ कि अति प्रशोधित भोजन (पत्रु भोजन) प्रयोग गर्दा डिप्रेसन देखिन्छ । कति जना व्यक्तिहरू व्यायाम पर्याप्त गरेपछि जे जति खाए पनि हुन्छ भन्ने गर्दछन् । यस कुरालाई केही वर्षअघिको एक अनुसन्धानले गलत प्रमाणित पारिदिएको छ ।

फिनल्यान्डका सामी इनकिनेन भन्ने एक व्यक्ति जो विश्व प्रसिद्ध 'टाकिया' कम्पनीको मालिकमध्येका एक थिए । उनले अमेरिका आएर आफ्नो व्यापार सुरु गरेका थिए । अर्बौपति उनी एक दिनमा पाँच घण्टा व्यायाम गर्थे तर ३८ वर्ष नहुँदै उनलाई स्वास्थ्य समस्या देखापऱ्यो । रगत जाँच गर्दा उनलाई रगतमा चिनीको मात्रा धेरै देखियो । मधुमेह नै भइसकेको थिएन । त्यही व्यायाम गर्ने व्यक्तिलाई पनि शरीरमा चिनीको मात्रा कसरी अत्यधिक भयो भनेर विचार गर्दा थाहा भयो । अनुसन्धानबाट उनलाई खेलाडीहरू पिउने इनर्जी ड्रिङ्कको सेवनको कारणले यस्तो भएको थाहा भयो । यसको अर्थ केवल व्यायाम गरेर, खेल खेलेर मात्र हुँदैन, स्वस्थकर भोजनको पनि त्यति नै महत्त्व रहन्छ ।

नेपालको पछिल्लो तथ्याङ्कले करिब छ प्रतिशत किशोरीहरू अति 'मोटोपनको शिकार' भएका छन् भन्ने देखाएको छ । यी किशोरीहरू दाम्पत्य जीवनमा प्रवेश गर्दा, गर्भवती हुने समस्या पर्नसक्ने सम्भावना हुन सकिन्छ । काठमाडौं बत्तीसपुतलीकी एक ३० वर्षीया युवती ८० केजीकी थिइन् । उनको उचाइअनुसार उनी ५३ किलो मात्र हुनुपर्थ्यो । तेइस वर्षको उमेरमा विवाह भएको उनको सात वर्षसम्म पनि गर्भ रहेन । जाँच गर्दा उनको कलेजोमा पनि बोसो जमेको देखियो । चिकित्सकले उनलाई झण्डै २०-३० किलो घटाए मात्रै गर्भ रहने सम्भावना छ भन्ने सल्लाह दिए । चिकित्सकको सल्लाहअनुसार एक वर्षमा चिनी, पत्रुखाना, धेरै बोसो भएको, कोल्ड ड्रिङ्क त्यागिनु साथै योग गरेर २० किलो घटाउन सफल भइन् । तौल घटेपछि उनलाई भऱ्याङ चढ्न पनि सजिलो भयो ।

तौल घटेसँगै उनको महिनावारी पनि समयमा हुन थाल्यो । पहिले कहिले दुई महिना, कहिले तीन महिनामा महिनावारी हुन्थ्यो । पहिले उनको पाठेघरको जाँच गर्दा पाठेघरमा पानीको फोकाजस्तो (जसलाई 'ओमारियन सिस्ट' भनिन्छ) देखापऱ्यो । जब उनको तौल घट्यो, उनको 'सिस्ट' पनि कम हुँदै गयो र उनको प्राकृतिक तरिकाले गर्भ रहन गयो, कलेजोमा जमेको बोसो पनि कम भयो र उनी र उनका श्रीमान् एकदम खुसी भएका थिए । चिकित्सकको सल्लाहले तौल घटाएपछि आफ्नो सम्पूर्ण स्वास्थ्यमा नै सकारात्मक असर परेको भन्दै उनी खुसी भएकी थिइन् ।

पहिले त उनलाई रक्सी खाने मानिसको मात्र कलेजो खराब हुन्छ भन्ने लाग्यो, पछि मोटोपनले गर्दा पनि कलेजो खराब भएपछि मधुमेहको समस्या पनि हुनेरहेछ भन्ने थाहा भयो । मोटोपनले गर्दा प्रजनन स्वास्थ्यमा समस्या पनि परेको रहेछ । उनीजस्ता कतिपय युवतीले किशोरावस्थामा नै मोटो हुँदा धेरै वास्ता गर्दैनन् तर पछि अनेक समस्या उनीहरूलाई आइपर्छ, अनि स्वास्थ्य परीक्षण गर्दा कसरी यस्तो भयो भन्ने थाहा लाग्छ । गर्भ नरहने समस्या भएपछि चिकित्सकसँग परीक्षण गराउन जान्छन् । आधुनिक प्रविधि प्रयोग गरेर गर्भवती हुनु पऱ्यो भने सबैलाई सहजै गर्भ नहुनसक्छ । पहिले अनेक किसिमका पत्रु खाना खाने, कोल्ड ड्रिंक खाने बालबालिका, किशोरकिशोरीलाई पनि कलेजो र मुटुमा समस्या पर्न जान्छ । अनि शारीरिक समस्या त पर्छ नै, अनेक मानसिक अस्वस्थ, तनाव पनि हुन सक्छ । त्यसैले मुटु, मिर्गौला र कलेजो स्वस्थ राख्न समयमै सबै सचेत हुन आवश्यक छ । (लेखक जनस्वास्थ्यविद् हुनुहुन्छ) *(रासस)*

# श्रमको सौन्दर्यशास्त्र

✍ इकुश्रे

सौन्दर्यको परिभाषा सधैं बाहिरी रूपसँग जोडिएको पाइन्छ । तिनमा सुन्दर अनुहार, आकर्षक शरीर, चम्किलो पोशाक र विलासी जीवनशैली पर्दछन् । तर, वास्तवमा सौन्दर्य केवल देखिने कुरामा होइन, बोध हुने अनुभूतिमा निहित हुन्छ । त्यो अनुभूति कहिलेकाहीँ माटोको गन्धमा भेटिन्छ, पसिनाको बिन्दुमा टल्किन्छ र थाकेका शरीरको सुस्ताइमा देखिन्छ । यही हो - श्रमको सौन्दर्यशास्त्र, जसले सौन्दर्यलाई काम, प्रयास र इमानदार जीवनशैलीमा खोज्छ ।

श्रम केवल काम होइन । यो जीवनको मूल लय हो । चर्को घाममा पनि खेतमा हिलो छ्याप्दै धान रोप्ने किसान, लुगा सिइदिने सूचीकार, घर निर्माण गर्ने मिस्त्री वा सडक सफा गर्ने कामदार - यी सबै मानिसहरू समाजका अदृश्य कलाकार हुन् । उनीहरूको हातमा श्रम र सीप मात्र छैन, सृष्टिको निरन्तरता छ । जसरी चित्रकारले रङ मिसाएर क्यानभासमा जीवनको आकृति कोर्छ, त्यसैगरी श्रमिकले माटो, घाम र पसिनाको सङ्गमबाट समाजको रूप कोर्छ । फरक केवल माध्यमको हो - चित्रकार ब्रस चलाउँछ, किसान हलो चलाउँछ । तर, दुवै सिर्जनाका वाहक हुन् ।

तर, विडम्बना के छ भने, हाम्रो समाजले श्रमलाई अझै पनि सौन्दर्यसँग जोड्न सकेको छैन । सफा कपडामा पसिना टप्किँदा 'राम्रो देखिँदैन' भन्ने सोच गहिरो रूपमा गढेको छ । सहरका चम्किला गल्लीमा खिया लागेका हातलाई हेपिन्छ, तर ती हातकै कारण ती सडक चम्किरहेका हुन्छन् । हामीले श्रमलाई केवल आर्थिक आवश्यकता भनेर बुझ्यौं, यसको सौन्दर्य, गौरव र मूल्यबोधलाई बिर्सियौं । वास्तवमा, श्रम नै त्यो शक्ति हो जसले मानव सभ्यतालाई निरन्तर उचाइतर्फ धकेल्दै आएको छ ।

श्रमको सौन्दर्यशास्त्र बुझ्न अब हामीले सौन्दर्यको मापन फेरबदल गर्नुपर्छ । सुन्दरता केवल शरीरको आकार वा रङमा होइन, उद्देश्यपूर्ण परिश्रममा मात्र हुन्छ । एक जना मजदुरको पसिनाले भिजेको कपडा, खेतमा हिलोमा मुछिएका हात वा बगैंचामा रोपिएको बिरुवा - यी सबै जीवनप्रेमका सशक्त प्रतीक हुन् । त्यसमा केवल कामको बोझ होइन, सिर्जनाको आनन्द छ । त्यही आनन्द हो जसले समाजलाई चलाउँछ, संस्कृतिलाई टिकाउँछ ।

आजका सहरहरूमा श्रम र सुन्दरताबिचको सम्बन्ध हराउँदै गएको छ । सुन्दरताको अर्थ अब मेकअप, पोसाक र प्रदर्शनमा सीमित भएको छ । मानिसले श्रमबाट टाढा भएर पनि 'स्मार्ट' देखिन खोज्छ । तर, जति कृत्रिम सौन्दर्य बढ्दै गयो, उति नै जीवनको ताजगी हराउँदै जान्छ । जिमको भित्तामा टाँसिएका मोटो शरीरका पोस्टरहरूले वास्तविक स्वास्थ्य होइन, केवल उपभोगको आकाङ्क्षा देखाउँछन् । तर, गाउँको खेतमा हलो समात्ने किसानको हातमा देखिने रेखा - त्यो नै साँचो सुन्दरताको रेखा हो, जुन प्रकृतिसँगको प्रत्यक्ष संवादको प्रमाण हो ।

श्रममा एउटा विशेष किसिमको सौन्दर्य हुन्छ । त्यो अनायास हुन्छ, सजावटविहीन र स्वाभाविक । पसिनाको गन्धमा जीवनको मिठास मिसिएको हुन्छ । दिनभरि खेतमा मेहनत गरेर साँझ जब किसान आफ्नो घरको आँगनमा थुपारिएको परालमा ढल्कन्छ, त्यो सन्तोषको अनुहार नै श्रमको सौन्दर्य हो । त्यो सौन्दर्य सजिलै देखिँदैन, तर गहिरो अनुभूतिमा बसेको हुन्छ ।

श्रमको सौन्दर्यशास्त्रले हामीलाई एउटा गहिरो पाठ सिकाउँछ - सौन्दर्य बाहिर होइन, भित्र हुन्छ; सजावटमा होइन, श्रम र समर्पणमा हुन्छ । समाजले यही दर्शन आत्मसात् गर्न सकेमात्र श्रमिकको सम्मान, श्रमको मूल्य र सृष्टिको निरन्तरता सुनिश्चित हुन्छ ।

नेपालजस्तो कृषिप्रधान देशमा श्रमको सौन्दर्य अझ गहिरो छ । हिउँदको चिसोमा बिहान सबेरै खेतमा हलो जोत्न जाने किसान, गर्मीमा सडकमा तार बिछ्याउने मजदुर र बिहानदेखि बेलुका रस्सी बुन्दै बस्ने बुनाइ कामदार - यी सबै मानिसहरू हाम्रो जीवन सभ्यताको मेरुदण्ड हुन् । उनीहरूमा अनुशासन छ, आत्मसन्तोष छ र आत्मगौरव पनि । तर, समाजले उनीहरूको सौन्दर्य देख्नसकेको छैन । हामीले उनीहरूका हातमा रहेको कला र मूल्यलाई सम्मान गर्न नसकेसम्म विकासका भाषणहरू केवल खोक्रा शब्द बन्ने छन् ।

श्रमको सौन्दर्यशास्त्रले शिक्षितवर्गलाई पनि आत्मपरीक्षण गर्न आग्रह गर्छ । हामीले श्रमलाई केवल शारीरिक काम भनेर बुझ्यौं, तर मानसिक र नैतिक श्रमलाई पनि त्यतिकै महत्त्व दिन सकिन्छ । शिक्षकको मेहनत, चिकित्सकको समर्पण वा लेखकको कलम - यी सबै श्रमका रूप हुन् । तर, ती सबैको सार एउटै हो - इमानदार प्रयास र सृजनाको आनन्द । जसले आफ्नो काममा प्रेम गर्छ, उसले श्रमको सौन्दर्य बुझिसकेको हुन्छ ।

यदि हामीले श्रमलाई पुन: सुन्दरताको स्रोतका रूपमा स्वीकार गर्न थाल्यौं भने हाम्रो समाजको दृष्टि नै बदलिन्छ । त्यो बेला सहरका जिमहरूमा होइन, गाउँका खेतबारीहरूमा सौन्दर्य देखिन थाल्नेछ । पसिनाको गन्धलाई परफ्युमभन्दा श्रेष्ठ ठानिने छ । तबमात्र साँचो अर्थमा सभ्यता सुन्दर बन्नेछ - किनकि सभ्यता पनि त श्रमकै परिणाम हो, आरामको होइन ।

अन्तत: श्रमको सौन्दर्यशास्त्रले हामीलाई स्मरण गराउँछ - सौन्दर्य कुनै वस्तु होइन, त्यो दृष्टि हो । जसले श्रममा सृष्टि देख्छ, उसले जीवनको सार पाएको हुन्छ । जब हामी माटोको गन्धलाई सौन्दर्यको प्रतीक ठान्न थाल्छौं, जब पसिनाको स्वादलाई कविता ठान्न थाल्छौं, तब मात्र हामी साँचो अर्थमा सुन्दर बन्छौं । श्रम केवल जीविकाको माध्यम होइन, यो आत्मसन्तुष्टि, सृजनाको राग र जीवनको सङ्गीत हो । त्यसैले, श्रमको सम्मान गर्नु भनेको सुन्दरताको अर्थ पुन: परिभाषित गर्नु हो - माटो, पसिना र प्रयत्नको भाषामा ।

# मधुमेहका बिरामीले कस्तो खाना खाने ?

**- प्रणिति सिंह, पोषणविद्**


मधुमेह भएको छ भन्नेबित्तिकै चिनी, चिनी मिसाइएको खानेकुरा, भात, आलु खान हुँदैन भन्ने गरेको पाइन्छ । हो, मधुमेह भएका बिरामीले चिनी खानु हुँदैन । चिनीको विकल्पमा सख्खर, गुड वा मिश्री खाने गरेको पाइन्छ । तर, सुगर लेभल बढाउने भएकाले यी खानेकुरा पनि खानु हुँदैन । भात र आलु खानै नमिल्ने भन्ने होइन । यी खाने कुराहरू कम मात्रामा खान मिल्छ । भातसँगै तरकारी, दाल, साग, अचार पनि खानुपर्छ । मधुमेहका बिरामीका लागि ग्लाइसेमिक इन्डेक्स हेरेर पनि खानाको परिमाण निर्धारण गर्न सकिन्छ । ग्लाइसेमिक इन्डेक्स हेर्ने भनेको खाना खाँदा ब्लडमा सुगरको मात्रा कति समयमा कति बढ्छ भनेर हेर्ने हो । हरेक खानाको फरक-फरक इन्डेक्स आउँछ । सुगरका बिरामीले ग्लाइसेमिक इन्डेस लो भएको खानेकुराको सेवन गर्नुपर्छ । कुनै खाना सेवन गरेपछि एक वा दुई घण्टामा बिरामीको सुगर लेभल ह्वात्तै नबढाउने खालको अवस्थालाई लो ग्लाइसेमिक इन्डेक्स भनिन्छ । सागसब्जी, नट्स, अण्डा, माछा, मासुले सुगर लेबल ह्वात्तै बढाउँदैन ।

हाइ ग्लाइसेमिक इन्डेक्समा भात, मैदाले बनेका खानेकुरा जस्तै: बिस्कुट, चाउचाउ, ब्रेड, चिनी, ग्लुकोज, प्याकेटका खानेकुराहरू पर्छन् ।

**मधुमेहका बिरामीले ध्यान दिनैपर्ने कुरा**

- बिहान नास्ता खाँदा गुलियो खानेकुरा नखाने ।
- दाल, भात, तरकारी खानुभन्दा पहिले सलाद खाने ।
- खाना खाँदा भातभन्दा तरकारी दोब्बर खाने ।
- खाना छिटो-छिटो नखाने, बिस्तारै चपाएर खाने ।
- खानामा नियमित प्रोटिनयुक्त खानेकुरा समावेश गर्ने ।
- पनिर, गेडागुडी, माछामासु, अण्डा खाने ।
- सलाद, साग र हरियो तरकारी नियमित खाने ।
- खाना खाएको १५ मिनेटसम्म नसुत्ने, नपल्टिने ।
- खाना खाएपछि १० मिनेट बिस्तारै हिँड्ने ।

**कति समयको अन्तरालमा खाने ?**



मधुमेहका बिरामीले खाना दिनमा कतिपटक र कति समयको अन्तरालमा खाने भनेर पनि सोचविचार गर्नुपर्छ । बिहानको नास्ता वा खाना खाएको ३ देखि ४ घण्टापछि मात्र खाजा खान सकिन्छ । जसले गर्दा तौल पनि नियन्त्रणमा आउँछ र मधुमेह पनि नियन्त्रणमा आउँछ । खानपानले मात्र नभई तनाव वा अनिद्राले पनि मधुमेह अनियन्त्रित हुन्छ । त्यसैले मधुमेहलाई नियन्त्रणमा राख्न तनावमुक्त रहनुपर्छ भने निद्रा पनि पूरा भएको हुनुपर्छ । यस्तै शारीरिक व्यायाम पनि महत्त्वपूर्ण हुन्छ । कार्बोहाइड्रेड बढी भएको खानेकुरालाई कम गर्दै फाइबर तथा पोषणयुक्त सन्तुलित आहार नियमित आए मधुमेह नियन्त्रण गर्न सकिन्छ ।

*(पोषणविद् सिंह नर्भिक अस्पतालमा कार्यरत छिन् ।)*

**बङ्गलादेशमा...**

यसैबिच, बिहीबार सात सदस्यीय सर्वोच्च अदालतका न्यायाधीशहरूले सन् २०११ को निर्णय पुनरावलोकन गर्ने क्रममा दर्ता भएका दुई अपिल र चार याचिकामाथि सर्वसम्मत अदालतको फैसला सुनाउनुभयो । अदालतले कामचलाउ प्रणाली बङ्गलादेशले सन् १९७१ मा पाकिस्तानबाट स्वतन्त्रता पाएपछि हुने १४ औँ राष्ट्रिय चुनावका लागि पुन:स्थापित गरिने उल्लेख गरेको छ । तर हाल नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले व्यवस्थापन गर्ने १३ औँ चुनावमा भने यो लागू नहुने स्पष्ट गरिएको छ ।

निर्णयपछि महान्यायाधिवक्ता मोहम्मद असदुज्जमानले खुशी व्यक्त गर्दै भन्नुभयो, "कामचलाउ सरकार प्रणालीलाई बङ्गलादेशको लोकतन्त्रको अभिन्न अङ्गका रूपमा अदालतले मान्यता दिएको छ । यो विवरण अदालतको विस्तृत फैसला सार्वजनिक भएपछि स्पष्ट हुनेछ । हामी विश्वस्त छौँ कि अब बङ्गलादेशले साँचो लोकतान्त्रिक मार्गमा आफ्नो नयाँ यात्रा सुरू गर्नेछ ।"

उता, खालिदा जियाको पार्टीले पनि उक्त निर्णयलाई स्वागत गरेको छ । पार्टीका वरिष्ठ नेता अमिर खसरू महमुद चौधरीका अनुसार कामचलाउ सरकार प्रणाली पुन:स्थापना गर्नु बङ्गलादेशको राजनीतिक भविष्यका लागि नयाँ क्षितिजको सुरूआत हुनेछ ।

सन् २०२४ को अगस्ट ५ मा १५ वर्ष लामो शासन अन्त्य गर्ने जनविद्रोह तत्पश्चात शेख हसिना अपदस्थ हुनुभएको तीन दिनमै मुहम्मद युनुस अन्तरिम सरकार प्रमुख बन्नुभएको थियो । हसिना हाल भारतमा निर्वासनमा हुनुहुन्छ र मानवता विरूद्धको अपराधमा दोषी ठहरिएपछि उहाँलाई सोमबार मृत्युदण्डको सजाय सुनाइएको छ ।

विश्लेषकहरूका अनुसार युनुसको नेतृत्वमा देश संवेदनशील मोडमा रहेको अवस्थामा आगामी निर्वाचनअघि बङ्गलादेशले जटिल र चुनौतीपूर्ण परिस्थिति सामना गर्नुपर्ने देखिन्छ ।

# स्वागत तथा परिचयात्मक कार्यक्रम सम्पन्न

भक्तपुर, ४ कार्तिक । भक्तपुर जिल्लामा प्रमुख जिल्ला अधिकारीको पदभार ग्रहण गर्नुभएका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाललाई उद्यमी व्यवसायीहरूले स्वागत गर्नुभएको छ ।

बिहीबार भएको स्वागत तथा परिचायत्मक कार्यक्रममा प्रमुख जिल्ला अधिकारी ढकालले १३ जिल्लामा प्रमुख जिल्ला अधिकारी रूपमा कार्य गरिसकेको जानकारी दिँदै जुन जिल्लामा गएपनि स्थानीय उत्पादनलाई प्राथमिकता दिएको बताउनुभयो ।

भक्तपुर सांस्कृतिक, पर्यटकीय तथा ऐतिहासिक जिल्लामा प्रमुख जिल्ला अधिकारीको रूपमा पदभार ग्रहण गर्न पाएकोमा खुशी व्यक्त गर्दै यहाँका लघु घरेलु तथा साना उद्योगका उत्पादनलाई प्रवर्द्धन गर्ने कार्यमा सधै सहयोग गर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "स्थानीय उत्पादनलाई प्राथमिकता दिनु जरूरी छ, स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न समय समयमा महोत्सव गर्नु उचित हुन्छ, समाजलाई अगाडि लैजान घरेलु तथा साना उद्योगको अहम भूमिका हुनेगर्छ ।"

सङ्घका पूर्वअध्यक्ष चन्दनकृष्ण श्रेष्ठले स्थानीय उत्पादनको महत्त्व स्थानीयलाई हुने हुनाले स्थानीय स्तरमा उत्पादित वतुलाई स्थानीय सरकारले अपनत्व लिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उद्योग तथा वाणिज्य कार्यालयका कार्यालय प्रमुख रामप्रसाद कुस्माले भक्तपुर घरेलु तथा साना उद्योग सङ्घसँग विगतदेखि विभिन्न कार्यमा सहकार्य गरी विभिन्न तालिम मेला तथा अन्तरक्रिया कार्यक्रम गरिरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा 'गो लोकल'का संयोजक वीरेन्द्र जतिले सङ्घले अभियानको रूपमा सञ्चालन गरिरहेको गो लोकल कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभयो ।

सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठको सभापतित्वमा भएको सो कार्यक्रममा पूर्वअध्यक्ष सत्यनारायण प्रजापति, निवर्तमान अध्यक्ष प्रेम खर्बुजा, पूर्वअध्यक्ष लक्ष्मण ग्वाछा, उपाध्यक्ष हरिगोपाल त्वायना, सचिव श्रीजना कक्षपतिलगायतले बोल्नुभएको थियो ।

*व्यङ्ग्यचित्रको कुनो*




# निर्वाचनमा नेपाली सेना परिचालन गर्न सिफारिस

काठमाडौँ, ४ मङ्सिर । आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा नेपाली सेना परिचालन गर्न मन्त्रिपरिषद्समक्ष सिफारिस गरिएको छ ।

प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा बिहीबार बसेको राष्ट्रिय सुरक्षा परिषद्को बैठकले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न नेपालको संविधानको धारा २६६ को उपधारा (१) बमोजिम नेपाली सेना परिचालन गर्न नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष सिफारिस गर्ने निर्णय गरिएको रक्षा मन्त्रालयका सचिव एवं राष्ट्रिय सुरक्षा परिषद्का सदस्य सचिव सुमनराज अर्यालले जारी गर्नुभएको विज्ञप्तिमा जनाइएको छ ।

बैठकमा राष्ट्रिय सुरक्षामा आउनसक्ने विविध चुनौतीहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा देखापरेका पछिल्ला घटनाक्रमले राष्ट्रिय सुरक्षामा पार्नसक्ने प्रभाव तथा चुनौती र अपनाउनुपर्ने भावी रणनीतिका सम्बन्धमा छलफल भएको थियो ।

साथै राष्ट्रिय सुरक्षा परिषद्को आठौँ वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०८१/८२ को मस्यौदामाथि छलफल भएको थियो । उक्त मस्यौदामा आवश्यक संशोधनसहित स्वीकृति गरी नेपालको संविधानको धारा २६६ को उपधारा (३) बमोजिम राष्ट्रपतिसमक्ष पेस गर्नेसमेत निर्णय भएको जनाइएको छ ।

# नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रकरण, छानबिन समितिले बुझायो प्रतिवेदन

काठमाडौँ, ४ मङ्सिर । नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रकरणका सम्बन्धमा गठित छानबिन समितिले प्रतिवेदन बुझाएको छ । छानबिन समितिका संयोजक पूर्वसचिव मणिराम गेलालले बिहीबार सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेललाई उक्त प्रतिवेदन हस्तान्तरण गर्नुभएको हो ।

प्रतिवेदन बुझ्दै मन्त्री खरेलले मन्त्रालयको आन्तरिक प्रयोजनका लागि समिति गठन गरिएको उल्लेख गर्दै प्रतिवेदनका आधारमा नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रक्रिया अवरूद्ध नहुने स्पष्ट पार्नुभयो ।

छानबिन समितिका संयोजक पूर्वसचिव गेलालले यस अध्ययन प्रतिवेदनले नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रक्रियामा भएका गोप्य बोलपत्र मूल्याङ्कनलाई प्रभावित नहुने स्पष्ट पार्नुभयो ।

पूर्वसचिव गेलाल संयोजक रहेको छानबिन समितिको सदस्यहरूमा सहसचिवत्रय गौरव गिरी, आदेश खड्का र कृष्ण पन्त, दूरसञ्चार प्राधिकरणका उपनिर्देशक प्रदीप पौडेल, नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रबन्धक डा कमल लामिछाने र मन्त्रालयका उपसचिव राजेश थापा हुनुहुन्थ्यो ।

# ६ जनाविरूद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौँ, ४ मङ्सिर । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले स्वास्थ्य कार्यालय बाजुराका तत्कालीन निमित्त कार्यालय प्रमुख अशोककुमार सिंहसहित ६ जनाविरूद्ध विशेष अदालत, काठमाडौँमा मुद्दा दायर गरेको छ ।

सार्वजनिक सम्पत्तिमा हानी नोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा शिक्षा विकास तथा समन्वय एकाइ बाजुराका तत्कालीन इन्जिनियर सुनेशकुमार चौरसिया, सव-इन्जिनियर नरेश रावत तथा प्रसूति केन्द्र भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष पारस रोकाया, सचिव मुना रोकाया र कोषाध्यक्ष खडक ऐडीविरूद्ध मुद्दा दायर गरिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो ।

हिमाली गाउँपालिका-६ मा प्रसूति केन्द्र निर्माणको लागि स्वास्थ्य कार्यालय बाजुराले उपभोक्ता समितिलाई रू. २६ लाख १५ हजार २०६ को लागतमा जिम्मेवारी दिएको थियो । तर निर्माण लागत अनुमान र मापदण्डविपरीत गरी प्रयोगमा ल्याउन नसकिने अवस्थामा भवन बनाइएको र फर्जी बिल तथा प्रतिवेदनका आधारमा भुक्तानी लिइएको आयोगको अनुसन्धानबाट खुलेको हो ।

निर्मित संरचना हाल प्रयोगविहीन भई भग्नावशेषमा परिणत भएको र यसबाट सार्वजनिक सम्पत्तिको हिनामिना, हानी नोक्सानी तथा दुरूपयोग भएको आयोगले आयोगले जनाएको छ ।

आयोगले प्रतिवादीहरूमाथि जनही रू. १५ लाख आठ हजार ५५७ बिगो कायम गरेको छ ।

**हार्दिक समवेदना**

जन्म
२०२२/०४/१३



निधन
२०८२/०७/२९

यस संस्थाका सञ्चालक समितिका सदस्य रविनकृष्ण स्वंगमिखाका पूजनीय पिता **गणेशभक्त स्वंगमिखा**को दु:खद निधन भएको आज सातौँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**माजसु कृषि सहकारी संस्था लि.**
हाकुफल्चा, भक्तपुर

**सिद्धि गणेश कर्नर** — हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

**सदस्य पहिचान (KYM) फारम अद्यावधिक गर्नुहोला**

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घ/संस्थालाई जारी गरिएको निर्देशन २०७४ को नियम ३ अनुसार यस संस्थाका सदस्य महानुभावहरुले हरेक ३/३ वर्षमा वा सदस्यको व्यक्तिगत विवरण परिवर्तन (ठेगाना, सम्पर्क नं., अन्य विवरण) भएमा संस्थामा उपलब्ध सदस्य पहिचान (KYM) फारम अद्यावधिक गर्नुहुन अनुरोध छ ।

**संस्थाको ऋण सुविधा उपयोग गरौं**

**आकस्मिक व्यवसायिक ऋण**

वार्षिक ६.५% ब्याजदरमा

- व्यवसाय सुरू तथा विस्तार गर्न ।
- चालु व्यवसायमा थप पुँजी लगानी गर्न ।
- हाललाई अधिकतम **दुई करोड**सम्मको लगानी ।



वार्षिक ८.५% ब्याजदरमा



**व्यवसायिक ऋण**

- आफ्नो व्यवसायको क्षमता वृद्धि गर्न ।
- हाल अधिकतम **पाँच करोड**सम्मको लगानी ।
- प्यान व्यवसाय दर्तामा अधिकतम **एक करोड**सम्मको लगानी ।

* सर्तहरू लागु हुनेछ ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

**भक्तपुर श्रमिक बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-२, मो.नं. ९८५१३६१७३८

**१८ औं वार्षिक साधारणसभासम्बन्धी सूचना**

यस संस्थाको मिति २०८२।८।४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको १८ औं वार्षिक साधारणसभा निम्न मिति र समयमा हुने भएकोले समयमै उपस्थित भइदिनुहुन सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**
मिति : २०८२।०८।२९ गते, सोमबार
समय : दिउँसो २:०० बजे

**छलफलका विषयहरू**
१. आ.व.२०८१।०८२ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
२. आ.व.२०८१।०८२ को सञ्चालक समितिका सचिवको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व.२०८१।०८२ को कोषाध्यक्षको प्रगति प्रतिवेदन र २०८२।०८३ अनुमानित बजेट सम्बन्धमा ।
४. आ.व.२०८१।०८२ को लेखा सुपरीवेक्षण समिति प्रतिवेदन सम्बन्धमा ।
५. आ.व.२०८२।०८३ को ले.प. नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
६. सञ्चालक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
७. साधारणसभाको निर्णय प्रमाणीकरणका लागि प्रतिनिधि चयन सम्बन्धमा ।
८. विनियम संशोधन सम्बन्धमा ।
९. विविध ।

**सडक दुर्घटनाबाट बचौं र बचाऔं ।**

❖सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
❖ट्राफिक नियम पालना गरौं,
❖तीव्र गतिमा सवारी साधन नचलाऔं,
❖मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
❖सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
❖पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
❖सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
❖सवारी साधन नियमित मर्मतसम्भार गरौं,
❖दुर्घटना भएमा तुरुन्त प्रहरी वा स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा